का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ६२
❒ १ बैशाख २०७७, सोमबार
❒ 13 April 2020, Monday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेट: आइतबार साँझसम्म | | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|---|
| | नेपालमा | १२ जना | १ जना | ५१८४ | ८५ |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १७ लाख ९६ हजार | चार लाख १२ हजार | एक लाख १० हजार | १२ लाख ७३ हजार |

# सन्नाटाले स्वागत

कोरोना महामारी रोकथाम गर्न सरकारले जारी गरेको लकडाउनका कारण देशव्यापी सन्नाटा छाएको छ । अत्यावश्यक बाहेकका काममा घरबाट बाहिर ननिस्कन जारी उर्दीका कारण मुलुक एक किसिमको मौनतामा छ । तर, पनि सामाजिक सञ्जाल लगायत विभिन्न माध्यमबाट नयाँ वर्ष-२०७७ लाई स्वागत गरिएको छ- नयाँ संकल्पका वर्षका रूपमा ।



लक डाउनको अवधिमा सर्वोच्च अदालतअगाडि सडकमा आइतबार डिउटीमा खटिएका सुरक्षाकर्मी । सर्वोच्च परिसरमा ढकमक्क फुलेको फूल । *तस्वीर: प्रदीपराज वन्त*

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० चैत

विश्व बैंकले कोरोना भाइरसको महामारीका कारण चालु आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धिदर व्यापक घट्ने प्रक्षेपण गरेको छ। ६.४ प्रतिशत बृद्धिदर हासिल हुने अनुमान गरिएकोमा यसपटक व्यापक गिरावट आएर १.५ प्रतिशत देखि २.८ प्रतिशतको बीचमा रहने प्रक्षेपण गरिएको छ । जबकी, गत आर्थिक वर्षमा नेपालले ७.१ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गरेको थियो । विश्व बैंकले चालु आर्थिक वर्ष मात्रै नभएर आगामी आर्थिक वर्षको आर्थिक वृद्धिदर पनि १.४ देखि २.९ प्रतिशतको बीचमा रहने प्रक्षेपण गरेको छ ।

बैंकको प्रक्षेपणअनुसार, नेपाल सहित दक्षिण एसियाका आर्थिक वृद्धिदर १.८ देखि २.८ प्रतिशतको बीचमा रहने अनुमान गरिएको छ । श्रीलंकाको यो वर्ष ८.५ देखि १३ प्रतिशतसम्म नकारात्मक वृद्धि हुनसक्ने अनुमान गरिएको छ । विश्व बैंकले लगातार तीन वर्ष आर्थिक वृद्धिदर न्यून रहने अनुमान सार्वजनिक गरेको छ। यसको प्रमुख कारण भने रेमिट्यान्स आप्रवाहको कमी, ब्यापार र पर्यटन क्षेत्रमा गिरावट तथा भन्सार सीमामा हुने अवरोधलाई प्रमुख मानिएको छ। विश्व बैंकको आर्थिक प्रक्षेपण प्रतिवेदनले देखाउँछ- आजबाट शुरु भएको नयाँ वर्ष २०७७ सजिलो हुनेछैन ।

केही दिन अगाडि मात्रै सरकारकै कृषि तथा पशुपन्छी विकास मन्त्री घनश्याम भुसालले नेपालमा भोकमरी चपेटा भोग्नुपर्ने हुनसक्ने भन्दै त्यसका विरुद्ध जुध्न आवश्यक कार्यक्रम तय गर्न पत्र नै लेखिसकेका छन् । मन्त्री भुसालले विश्व अर्थतन्त्रमा महामारीका कारण पर्ने गम्भीर संकटले नेपालमा खाद्य संकट निम्त्याउन सक्ने भन्दै त्यस विरुद्ध कृषि क्षेत्रलाई मजबुत बनाउनतिर लाग्नुपर्ने उल्लेख गरेका छन् ।

हुन पनि विश्वव्यापी महामारीका कारण संसारकै अर्थतन्त्र नराम्रोगरी हल्लिएको छ । आइतबार साँझसम्म एक लाख दश हजारको मृत्यु भइसकेको महामारीले अझै थुप्रै समय असमान्य अवस्था सिर्जना हुने र यसको असर नेपालजस्तो कम विकसित तथा रेमिट्यान्समा आधारित अर्थतन्त्र बाँकी पृष्ठ २ मा



'विश्व अर्थतन्त्रमा महामारीका कारण पर्ने गम्भीर संकटको असर नेपालमा पर्नेछ । यसले रोजगार र खाद्यन्न संकटले भोकमरीको संभावना रहेकाले सोहीअनुरुप हामीले संकल्प गर्नुपर्नेछ ।'

■ **घनश्याम भुसाल**
मन्त्री, कृषि

- आर्थिक वृद्धिदर ब्यापक घट्ने प्रक्षेपण
- ७.१ बाट १.५ देखि २.८ प्रतिशत बीचमा रहने अनुमान
- रेमिट्यान्स आप्रवाहको कमी, ब्यापार र पर्यटन क्षेत्रमा गिरावट तथा भन्सार सीमामा हुने अवरोध आर्थिक वृद्धिदर घट्नुको प्रमुख कारण ।

# नेपालमा थपिए तीन संक्रमित

**पर्सामा रहेका तीन जना भारतीय नागरिकमा कोरोना संक्रमण भएको पुष्टि भएको छ । यो सँगै, नेपालमा कोरोना संक्रमित संख्या १२ पुगेको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० चैत

नेपालमा थप तीन व्यक्तिमा कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको छ। पर्साको वीरगञ्जस्थित नारायणी अस्पतालको आइसोलेशनमा रहेका तीन व्यक्तिमा कोभिड-१९ सङ्क्रमण पुष्टि भएको हो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा आइतबार आयोजित नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा विकास देवकोटाले राष्ट्रिय प्रयोगशालामा शनिबार भएको परीक्षणबाट तीन व्यक्तिमा कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको जानकारी दिए। उनले कोभिड सङ्क्रमित व्यक्तिमध्ये वर्ष ३७, ५५ र ४४ का पुरुष रहेको बताए ।

वीरगञ्ज महानगरपालिका-२ छपकैयास्थित मस्जिदमा शङ्कास्पदरूपमा रहेका २१ जनाको परीक्षण गर्दा कोभिडको शङ्का लागि नारायणी अस्पतालको आइसोलेशनमा राखिएको थियो । उनीहरुको समेत थ्रोट स्वाब किटजन्य रोग अनुसन्धान तथा तालीम केन्द्र, हेटौंडाको ल्याबमा परीक्षण गरिएकामा २१ मध्ये शङ्कास्पद तीनजनाको पोजिटिभ देखिएपछि पुनः यकिन गर्न राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाइएको थियो ।

कोभिड पुष्टि भएका व्यक्तिलाई आइसोलेशनमा राखिएको र उनीहरुको स्वास्थ्य अवस्था सामान्य रहेको प्रवक्ता डा देवकोटाले बताए । कोभिड सङ्क्रमितको संसर्ग र निजहरू गएको स्थान पहिचान गरी 'कन्ट्याक्ट ट्रेसिङ' गर्ने कार्य पनि शुरु भइसकेको मन्त्रालयले जनाएको छ ।

स्वास्थ्य मन्त्रालयले हाल कोभिड-१९ सङ्क्रमितको सङ्ख्या थपिरहेको अवस्थामा थप रणनीति बनाउँदै लकडाउनको पूर्णरुपमा पालना गर्न आम सर्वसाधारणमा अनुरोध गरेको छ । प्रवक्ता डा देवकोटाले कोभिड-१९ को परीक्षणको दायरा बढाएर समयमै सङ्क्रमितको पहिचान गरी भावी रणनीति तय गर्न सहज बाँकी पृष्ठ २ मा

# सडकमा पोखिँदैछन् खाडीका पीडा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० चैत

कोरोना भाइरस (कोभिड-१९) को संक्रमण फैलन नदिन सरकारहरुले लकडाउन, कर्फ्यू लगायतका प्रवन्ध गरी आवागमनमा कडाइ गरेपछि रोजगारीका लागि खाडीका विभिन्न देश रहेका आप्रवासी मजदुरहरुको पीडा सडकमा पोखिन थालेको छ । तीन दिन अघि अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)ले कोरोना भाइरसका कारण ठूलो संख्यामा नेपाली कामदारहरुले रोजगारी पाइरहेको खाडी क्षेत्रबाट करिब ५० लाखले रोजगारी गुमाउन सक्ने प्रारम्भिक आंकलन गरेको थियो ।

आईएलओको आंकलन अनुसार खाडी क्षेत्रमा रोजगारी गुमाउने आप्रवासी कामदारहरु जीवन धान्न नसक्ने अवस्थामा पुगेको देखिन थालेको छ। यूएईबाट प्रकाशित गल्फ न्युज आइतबारको आफ्नो समाचारमा लेख्छ, शनिवार मध्याह्नको चर्को घाममा वासस्थान गुमाएका भारतीय नागरिक मुकेश कुमार भारी झोलासहित सडकमा देखिए। उनले अनुहारमा 'ईस्तिफा' अर्थात राजीनामा पोतेका थिए ।

कुमार गत महिना आफ्ना अन्य २२ जना साथीहरुसँग रोजगारीका लागि यूएई गएका हुन् । हाल कोरोना भाइरसका कारण उनी शारजहाँको रोल्ला एरियामा अड्किएका छन्। जागिर खोज्ने क्रममा खल्ती बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

## कोरोनाले विदेशमा १४ नेपालीको मृत्यु

काठमाडौं/रासस- विश्वव्यापी महामारीका रुपमा फैलिएको कोभिड-१९ का कारण विदेशमा रहेका १४ नेपालीले ज्यान गुमाएका छन्। गैरआवासीय नेपाली संघ (एनआरएनए)ले संकलन गरेको तथ्यांक अनुसार कोरोना संक्रमणबाट बेलायतमा आठ, अमेरिकामा पाँच र संयुक्त अरब इमिरेट्समा एक जना नेपालीको ज्यान गएको छ। संघका अध्यक्ष कुमार पन्तको अध्यक्षतामा गठित उच्चस्तरीय समितिअन्तर्गतको स्वास्थ्य समितिले सो तथ्यांक सार्वजनिक गरेको हो ।

समितिका संयोजक डा सञ्जीव सापकोटाका अनुसार हालसम्म विभिन्न मुलुकमा रहेका ६६५ गैरआवासीय नेपालीमा कोरोना संक्रमण भएको पुष्टि भइसकेको छ। विदेशस्थित नेपाली नियोग, गैरआवासीय नेपाली संघको शाखा तथा स्थानीय संघसंस्थाद्वारा संकलित सूचनाका आधारमा उक्त तथ्यांक सार्वजनिक गरिएको उनले जानकारी दिए ।

अमेरिकामा ५००, बेलायतमा १००, स्पेनमा १८, युएईमा १०, जर्मनीमा चार, पोर्चुगलमा आठ, अष्ट्रेलियामा नौ, साउदी अरेबियामा चार, कुवेतमा पाँच, जापान, मलेसिया, म्यानमार र हङकङमा एकरएक नेपालीमा कोरोना संक्रमण पुष्टि भएको कोभिड-१९ बाँकी पृष्ठ २ मा

कोरोना महामारीबाट बच्न सचेतना अपनाऔं
घरमै बसेर नयाँ वर्ष मनाऔं ।
शुभ रहोस् नयाँ वर्ष
नव वर्ष २०७७ को अवसरमा हाम्रा समस्त पाठक वर्ग, विक्रेता, विज्ञापनदाता एवं शुभेच्छुकहरूमा सुख, शान्ति र समृद्धिको मंगलमय शुभकामना !!!
मध्यान्ह
www.madhyanhadaily.com
परिवार
नयाँ वर्षका दिन कार्यालय बन्द रहने भएकोले हाम्रो आगामी अंक बैशाख ३ गते प्रकाशित हुनेछ ।
प्र.

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट बच्न घरमै सुरक्षित बसौं, लकडाउनको पूर्ण पालना गरौं, आफु नआत्तिऔं र अरुलाई पनि सान्त्वना दऔं
नव वर्ष २०७७ सालको
Happy New Year 2077
सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पुर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
रघुनाथ पुरी
अध्यक्ष
तथा
दि रिभर ओभरसिज प्रा. लि.
परिवार
वत्तिसपुतली, गौशाल, काठमाडौं, फोन: ४४६२४३१

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट आफु बचौं र अरूलाई पनि बचाऔं ।
सरकारद्वारा लागु गरिएको लकडाउनको पूर्ण पालना गरौं ।
नव वर्ष २०७७ सालको
Happy New Year 2077
सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पुर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
SOS Group
हेम गुरुङ
अध्यक्ष
तथा
एस ओ एस ग्रुप
परिवार
धापासी, काठमाडौं, फोन : ४३५५७४५

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट आफु बचौं र अरूलाई पनि बचाऔं ।
सरकारद्वारा लागु गरिएको लकडाउनको पूर्ण पालना गरौं ।
नव वर्ष २०७७ सालको
Happy New Year 2077
सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पुर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
नबराज के. सी.
अध्यक्ष
तथा
प्याराडाइज इण्टरनेशनल प्रा. लि.
परिवार
बखुन्डोल, ललितपुर, फोन: ५५३४०४२, ५५२२०६३

# लाभकरसम्बन्धी विवादबाट एनसेल मुक्त

## तिऱ्यो १४ अर्ब ३३ करोड

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० चैत

एनसेलले ४ बर्षपछि आफ्नो सेयर स्वामित्व खरिद बिक्रीवापत तिर्नुपर्ने सबै रकम सरकारलाई बुझाएपछि लाभकरसम्बन्धीको विवादबाट मुक्त भएको छ । एनसेलले आईतबार थप १४ अर्ब ३३करोड ५६ लाख ५२ हजार ५४५ रुपैयाँ पुँजीगत लाभकर ठुला करदाता कार्यालयलाई बुझाएपछि अब एनसेलसँगको पूँजीगत लाभकर विवादको अन्त्य भएको हो। कम्पनीले हालसम्म ब्याजसहित २३ अर्ब ४३ करोड ५६ लाख ५२ हजार ५ सय ४६ रुपैयाँ सरकारलाई बुझाएको छ । यससँगै पुँजीगत लाभकर वापत २०७२ चैत २९ देखिको यस प्रकरणको अन्त्य भएको ठुला करदाता कार्यालयले जानकारी दिएको छ ।

ठूला करदाता कार्यालयले यसअघि एनसेललाई सेयरस्वामित्व विक्रीवापतको कुल पूँजीगत लाभकर २२ अर्ब ४५ करोड रुपैयाँ निर्धारण गरेको थियो । सोही अनुसार कम्पनीले गत पुष १६ गते ४ अर्ब ५० करोड रुपैयाँ तिरेको थियो । त्यसपश्चात कम्पनीले तिर्नुपर्ने व्याजसहितको बाँकी रकम १९ अर्ब मध्ये ४ अर्ब ६० करोड रुपैयाँ चैत १८ गते तिरेको थियो । उक्त रकम तिरिसकेपनि अझै एनसेलले पुष १६ यताको व्याजसहित १४ अर्ब ४० करोड रुपैयाँ तिर्न बाँकी थियो । एनसेलले तिर्न बाँकी रकम पनि सरकारले लकडाउन सकिएपछि १५ दिनको समय दिएर सम्पूर्ण रकम असुल गर्ने योजना बनाएको थियो । तर एनसेलले लकडाउन सकिनु अघि नै आफ्नो सबै पैसा आईतबार बुझाएको छ। कम्पनीले सरकारलाई तिर्न बाँकी रहेको रकमको हालसम्म व्याज मात्रै ८३ करोड रुपैयाँ पुगेको थियो । कम्पनीले १५ प्रतिशतका दरले बाँकी रकमको व्याज तिर्नुपर्ने गत पुषमा बसेको मन्त्रिपरिषद बैठकले निर्णय गरेको थियो । एनसेलले सुरुमा अग्रिम लाभकरवापत कुल लाभको १५ प्रतिशतले हुने २२ अर्ब रुपैयाँ सरकारलाई बुझाएको थियो ।

सर्वोच्च अदालतको भदौ ९ गते एनसेलले २१ अर्ब १० करोड लाभकर तिर्ने गरी फैसला गरेको थियो । सो यता आन्तरिक राजस्व कार्यालय अन्तर्गतको ठूला करदाताले मंसिरमा २२ अर्ब ४४ करोड कर कर निर्धारण गरेको थियो। एनसेलले पुस १६ गते ४ अर्ब ५० करोड कर तिरेको थियो। चैत १८ गते ४ अर्ब ६० करोड र आज १४ अर्ब ३३ गरी जम्मा २३ अर्ब ४३ करोड कर तिरेको छ।

एनसेलले विभिन्न ५ ओटा नेपाली बैंकहरुसँग ऋण लिएर लाभकर तिरेको हो । एनसेलले नेपाल इन्भेष्टमेन्ट बैंक, नबिल बैंक र ग्लोबल आइएमई बैंक, हिमालयन बैंक, सानिमा बैंक र एभरेष्ट बैंकबाट ऋण दिएको हो।

# सीमामा विशेष निगरानी बढाउँदै सशस्त्र

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, ३० चैत



विश्वब्यापी महामारीका रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) बाट आफु पनि बाँचौ, अरुलाई पनि बचाऔं भन्ने उद्देश्यले कपिलवस्तुको मर्यादपुर (खुनुवा) स्थित नेपाल(भारत सिमाको दशगजा क्षेत्रमा दुवै तर्फबाट गस्ती र पिकेट ड्युटी गरी निगरानी बढाइएको छ ।

दुवै देशका सिमानामा उच्च सतर्कता अपनाउँदै दशगजा क्षेत्रका सम्पूर्ण खुल्ला नाका बन्द गरि दिनरात गस्ती गर्ने गरिएको छ । नेपालतर्फ सशस्त्र प्रहरी बलको नेतृत्वमा छ भने भारतर्फ एसएसवीको नेतृत्वमा सुरक्षाकर्मीको टोली खटिएको छ ।

खुला सिमानाका कारण कोराना भाइरसको आशंकामा दुवै देशका अधिकारीले सिमास्थित क्वारेन्टाइमा रहेका नागरिकको हेरचाहका साथै लुकिछिपी आवतजावतलाई बन्द गराउन दुवै देशका सुरक्षा अधिकारी सक्रिय रहेको वि ओ पि मर्यादपुर कपिलवस्तुका प्रमुख सशस्त्र प्रहरी निरीक्षक सुवास भट्टराईले जानकारी दिए ।

उता लकडाउनको १९ दिनसम्म आइपुग्दा संक्रमितको आशंकामा क्वारेन्टाइममा बस्नेको संख्या यशोधरा गाउँपालिकामा दैनिकजसो घट्दै गएको छ । लकडाउनसँगै शुरुका दिनमा १ सय ७० जना उक्त क्वारेन्टाइमा रहेकोमा पछिल्लो समय आएर १ सय ५५ जना स्वास्थ्य परीक्षणपछि घर फर्केका छन् ।

# भक्तपुर अस्पतालमा कोरोना परीक्षण शुरु




**भक्तपुर/मस-** भक्तपुर अस्पतानलले कोरोना भाइरसको परीक्षण शुरु गरेको छ। विदेशबाट आएर घरमा एकान्तबास बसेका र उनीहरुसँगको सम्पर्कमा रहेकाको र्‍यापिड किट (र्‍यापिड डाइग्नोष्टिक टेष्ट) शुरु गरेको हो ।

भक्तपुर अस्पतालमा र्‍यापिड किट आएकाले कोरोना भाइरसको परीक्षण आइतबारदेखि शुरु गरिएको अस्पतालका सुपरिटेन्डेन्ट डा सुमित्रा गौतमले जानकारी दिइन् । यसका लागि वागमति प्रदेश स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालयले जिल्ला स्वास्थ्य कार्यालय भक्तपुरमार्फत ३०० र्‍यापिड किट अस्पतालका लागि पठाएपछि यहिँबाट परीक्षण शुरु गरिएको हो ।

विदेशबाट आएका र उनीहरुको सम्पर्कमा रहेर घरमा एकान्तबास बसेका, निधार्ति क्वारेन्टाइनमा बसेकाको १४ र आवश्यकता पर्नेको २१ दिनसम्म रहेकाको र्‍यापिड किटमार्फत परीक्षण गरिने भएको हो । परीक्षणमा रिपोर्ट पोजेटिभ आएमा आइसोलेसनमा राखेर उपचार गर्ने र थप परीक्षण एवम् उपचार आवश्यक परे काठमाडौंको सरुवा रोग नियन्त्रण अस्पताल टेकु पठाइने मेसु डा गौतमले जानकारी दिइन् । अस्पतालले अहिलेसम्म १५४ जनाको स्वाब नमूना संकलन गरी राष्ट्रिय प्रयोगशाला टेकु पठाएकोमा ९० जनाको रिपोर्ट नेगेटिभ आएको र अन्यको रिपोर्ट आउनै बाँकी रहेको उनले जानकारी दिइन् ।

रुघाखोकी लागेर दैनिक २५ देखि ५० जनासम्म स्वास्थ्य परीक्षणका लागि आएको जानकारी दिँदै उनले अस्पतालले चार शैयाको आइसोलेसनलाई बढाएर १० शैय्यामा पुऱ्याएको जानकारी दिइन् । आइतबार आठ जनाको आइसोलेसनमा उपचार भइरहेको जानकारी दिँदै उनले आइसोलेसनमा दैनिक बिरामी बढिरहेको बताइन् ।

जिल्लाका निजी अस्पतालसमेत बहिरङ्ग सेवालगायत अन्य उपचारसमेत बन्द गरिरहेको अवस्थामा भक्तपुर अस्पतालले भने बहिरङ्ग सेवा र अन्य उपचार सेवासमेत सञ्चालन गरिरहेको छ । जिल्लाका चार नगरपालिकामध्ये मध्यपुरथिमि नगरपालिकाले विदेशबाट फर्किएका ६२ जनाको पहिचान गरी उनीहरुको नमूनासंकलन गरेर नियमितरुपमा परीक्षण गरिरहेका नगर प्रमुख मदनसुन्दर श्रेष्ठले जानकारी दिए । चाँगुनारायण नगरपालिकाले जनप्रतिनिधीमार्फत वडावडामा विदेशबाट फर्किएकोको खोजी र पहिचान नगरपालिका कै एम्बुलेसन्स उपलब्ध गराई भक्तपुर अस्पताल लगेर नमूना परीक्षण गराइरहेको नगर प्रमुख सोमप्रसाद मिश्रले जानकारी दिए ।

यता सूर्यविनायक नगरपालिकाले पनि विदेशबाट फर्किएकाको पहिचान गर्दै नमूना सङ्कलन गर्न भक्तपुर अस्पताल पठाउँदै उनीहरुको एकान्तबासको अनुगमन गरिरहेको नगरप्रमुख वासुदेव थापाले जानकारी दिए । भक्तपुर अस्पतालले भने मोवाइल एप्समार्फत फाराम भराएर विदेशबाट फर्किएकालाई भक्तपुर अस्पताल जान सूचना जारी गरेको छ ।

जिल्ला स्वास्थ्य कार्यालय भक्तपुरले आइतबारदेखि जिल्लाका अस्पतालको अनुगमनसमेत शुरु गरेको छ । कार्यालयका प्रमुख कृष्ण मिजारले आज भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य, सिद्धिस्मृति अस्पताल र डा इवामुरा अस्पतालको अनुगमन गर्ने जानकारी दिए। जिल्लाको सबै अस्पतालको अनुगमन गरिने उनको भनाइ छ । जिल्लामा सञ्चालित निजी अस्पतालले बिरामी गेटबाटै फर्काउने गरेको र कुनै पनि रोगको उपचार नगरेको गुनासो व्यापक आएको छ । सरकारले उपचार नगर्ने निजी अस्पताललाई कारबाही गरी उपचारको व्यबस्था मिलाउन स्थानीयवासीले माग गरेका छन् ।

### सन्नाटाले...

भएको मुलुकलाई नराम्रोसँग पर्ने देखिन्छ ।

अर्थात्, नयाँ वर्ष २०७७ साललाई गएको चैत ११ गतेदेखि जारी देशब्यापी लकडाउन पछिको मौनताले स्वागत गरिएको मात्रै नभएर गम्भीर संकटको आवागमनको संकेत समेत देखिइसकेको छ । पाँच वर्षे स्थीर सरकार बनेपछि तीव्र गतिमा दौडिरहेको आर्थिक वृद्धिदरमा आउने क्षयीकरण सँगै, ४० लाख युवा पुस्ता बेरोजगार बन्ने, धनी र गरीब बीचको खाडल झनै बढेर जाने तथा खाद्य लगायत संकट मुलुकको नयाँ चुनौती बन्ने देखिन्छ। तर, नेपालको कुलग्राहस्थ उत्पादन (जीडीपी)को प्रमुख स्रोत अहिले पनि कृषि भएकाले यसमा लगानी बढाउने, आकर्षण थप्ने र नयाँ संकल्प तयार गरी अगाडि बढ्दा नेपाल फेरि पनि धेरैले सोचेजस्तो गरी धक्का खानबाट जोगिने हुनसक्छ ।

### नेपालमा...

हुने भन्दै यस कार्यमा सहयोग गर्न सबैमा आग्रह गरे ।

मन्त्रालयले अहिलेसम्म पिसिआर प्रविधिबाट पाँच हजार १८४ जनाको परीक्षण गरिसकेको छ । पछिल्लो चौबिस घण्टामा ७९५ जनाको परीक्षण गरिएको छ। राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट पहिल्लो २४ घण्टामा ६२८ समेत अहिलेसम्म जम्मा चार हजार २० जनाको परीक्षण भएको छ। काठमाडौं उपत्यकाबाहिरका प्रयोगशाला पछिल्लो २४ घण्टामा १६७ समेत एक हजार १६४ को परीक्षण भएको छ ।

देशभरमा अहिले आइसोलेशनमा ८५ र क्वारेइन्टाइनमा सात हजार ९७३ रहेका छन् । आइसोलेशनमा काठमाडौँमा १५ र उपत्यकाबाहिर ७० जना छन् । र्‍यापिड टेस्ट किट सबै जिल्लामा पुगेर काम शुरु भइसकेको मन्त्रालयले जनाएको छ। तीन हजार ३२१ जना र्‍यापिड टेस्ट भएको छ। मन्त्रालयले कल सेन्टर १११५ र ११३३ मा गरेर तीन हजार १३६ कल रिसिभ गरेको छ। मोबाइल एप्स र वेबसाइटबाट क्वारेइन्टाइन रहेकासँग सम्पर्क भइरहेको छ ।

मन्त्रालयले सम्भावित सङ्क्रमितको खोजी गर्ने क्रममा एक हजार ५७० ले विवरण भर्न भनिएको छ । तीमध्ये ९५४ जना इन्ट्री गरेको बताइएको छ। पछिल्लो २४ घण्टामा १७ जना रेड जोनमा रहेको पहिचान गरिएको छ। यससँगै रेड जोनमा पर्नेको सङ्ख्या हालसम्म २०६ पुगेको छ ।

यसैबीच मन्त्रालयलाई गैरआवासीय नेपाली सङ्घ समन्वय परिषद् दक्षिण कोरिया र देउराली जनता फर्माले अत्यावश्यक स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ । सरकारले दार्चुला जिल्लामा ४६० जनाको पिसिआर परीक्षणका लागि नमूना सङ्कलन गरेको प्रवक्ता देवकोटाले बताउनुभयो । बाँकी कोभिड सङ्क्रमितमध्ये दुईजनाको टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा आइसोलेशनमा उपचार भइरहेको छ। थप दुई बाग्लुङ र चारजनाको सेती प्रादेशिक अस्पतालको आइसोलेशनमा रहेका छन् ।

दोस्रोपटक गत चैत १० गते १९ वर्षीया युवतीमा कोभिडको सङ्क्रमण देखापरेको थियो । चैत ४ गते कतार एयरवेजको जहाजमार्फत फ्रान्सबाट कतार हुँदै नेपाल आएकी १९ वर्षीया युवतीमा कोभिड-१९ पोजेटिभ देखिएको थियो ।

चैत १२ गते पुनः एकजनामा कोभिड पोजिटिभ देखिएको थियो। यस्तै चैत २० गते बाग्लुङका ६५ वर्षीया एक ज्येष्ठ नागरिकमा कोभिड पुष्टि भएको थियो । पछिल्लोपटक चैत २२ गते एकै सुदूरपश्चिममा थप तीनजनामा कोभिड सङ्क्रमण भेटिएको थियो। भारतको मुम्बईबाट फर्किएका कैलालीका २१ वर्षीय र उत्तराखण्डबाट फर्किएका कञ्चनपुरका ४१ वर्षीय पुरुष तथा कैलालीको ३४ वर्षीया महिलामा कोभिड-१९ को सङ्क्रमण देखिएको थियो ।

नेपालमा माघ ९ गते पहिलो पटक चीनको वुहानबाट आएका नेपालीमा कोरोना देखिएको थियो । चीनको वुहानमा गत डिसेम्बर ३१ मा पहिलोपटक देखिएको कोभिड-१९ को सङ्क्रमण हाल विश्वका दुई सयभन्दा बढी फैलिसकेको अन्तर्राष्ट्रिय तथ्याङ्कले देखएको छ। कोभिडबाट विश्वभर एक लाखभन्दा बढीको मृत्यु भएको छ भने झण्डै १७ लाख सङ्क्रमित भएका छन् ।

# एनआरएनएको २४ घण्टे हेल्पलाइन सञ्चालनमा

**काठमाडौं/मस-** गैरआवासीय नेपालीले सामना गर्नु परेको समस्यालाई सुनुवाइ गर्ने उद्देश्यले गैरआवासीय नेपाली संघ (एनआरएनए)ले आइतबारदेखि टेलिफोन हेल्पलाइन सञ्चालनमा ल्याएको छ ।

संघको काठमाडौंस्थित सचिवालयबाट २४ सै घण्टा सञ्चालन हुने उक्त हेल्पलाइनमा कोरोना महामारीका कारणले अलपत्र परेका नेपाली, वैदेशिक रोजगारी रहेका नेपाली, नेपाली विद्यार्थीलगायतले फोन गरेर आआफ्ना समस्या टिपाउन सक्नेछन् । भाइवर, ह्वाट्सअपबाट पनि हेल्पलाइनमा सम्पर्क गर्न सकिने संघले जनाएको छ ।

बिहान ०८ देखि अपराह्न ५ बजेसम्म ९८४१२८०००५, साँझ ५ देखि राति १२ बजे सम्म ९८०८३१२५५५ र राति १२ देखि बिहान ०८ बजेसम्म ९८२३४५८२०४ नम्बरमा सम्पर्क गरी समस्या राख्न सकिने संघका महासचिव हेमराज शर्माले जानकारी दिए। संघले यसअघि नै २४ सै घण्टा स्वास्थ्य हेल्प लाइन सञ्चालनमा ल्याइसकेको छ ।

### सडकमा...

पुरै रित्याएका उनीहरुसँग कहाँ जाने भन्नेसमेत पत्तो छैन ।

यस्तै अवस्थामा छन्, पाकिस्तानका सैयद अरशद । रोजगारीका लागि गत फेब्रुअरीमा यूएई पुगेका अरशद त्यसयता दुबईको देईरा ईलाकामा बसीरहेका छन् । तर उनले रोजगारी पाउन सकेनन् ।

कुमार र अरशद दुवैको एउटै गुनासो र आक्रोस छ, गाँस र बास गुमाएर सडकमा आउँदा पनि उनीहरुलाई सरकारले उद्धार गरेन। अरशदले आफुजस्ता २० हजार बढी पाकिस्तानीले घर फर्काउन माग गर्दै त्यहाँस्थित पाकिस्तानी कन्सुलेटमा निवेदन दर्ता गराएको तर त्यस अनुसार फिर्ता नलगिएको बताए ।

अहिले कन्सुलर अफिसले रासन दिने बताएको छ, तर खाना पकाएर खाने ठाउँ छैन । भाडा तिर्न नसकेपछि शनिवार ठूलो संख्यामा भारतीयहरु निकालिएका थिए । अब आफुहरु च्यारिटी संस्थाहरुले दिने खानाको आधारमा बाँच्नुपर्ने उनीहरुको भनाइ छ। स्वदेश फर्किने कसरी उनीहरु अन्योलमा रहेका छन् ।

कोरोना भइरसको संक्रमणपछि भारत सरकारले अन्तर्राष्ट्रिय उडान स्थगन गरेको छ । तर आप्रवासी कामदारहरुका तर्फबाट विमान चार्टड गरेर भएपनि आफुहरुलाई स्वदेश फर्काइनु पर्ने माग चर्को रुपमा उठेको छ। अलपत्र आप्रवासी कामदारहरुलाई स्वदेश फर्काउनु पर्ने माग गर्दै केरला उच्च अदालतमा सार्वजनिक सरोकारको रिट दर्ता भएको छ ।

आगामी अप्रिल १७ तारिकमा सुनुवाईको मिति तोकेको केरला उच्च अदालतले यूएईस्थित भारतीय दूतावासले त्यहाँ रहेका आफ्ना नागरिकहरुलाई उपलब्ध गराएका सुविधाको विवरण पेश गर्न निर्देशन दिएको छ ।

खाडीमा रहेका नेपाली कामदारहरुको अवस्था ती मुलुकमा काम गर्ने भारतीय र पाकिस्तानी कामदारहरुको भन्दा फरक छैन । त्यसमाथि नेपाली कामदार भाषा लगायतको समस्यामा रहेका छन् ।

यूएईमा कार्यरत नेपालीका समस्या सडकमै पोखिएको खबर आएको छैन तर कुवेतको जलिप अलसुयोक र माबुल्ला क्षेत्रमा रहेका नेपाली कामदारहरुले लकडाउनका कारण खाद्यान्न अभाव भएको बताएका छन् ।

कुवेती सरकारले लकडाउनको अवधिमा कोठा भाडा तिर्नु नपर्ने बताए पनि घरमालिकले अघिल्ला महिनाहरुमा जस्तै भाडा तिर्नुपर्ने भनी जवरजस्ती गरिरहेको नेपालीहरुको भनाइ छ। यस विषयमा आफुहरुले पटक पटक टेलिफोन गर्दापनि नेपाली दूतावासले नउठाएको नेपाली कामदारहरुको भनाइ छ ।

कुवेतमा गत बिहीबार मात्रै थप एक नेपालीमा संक्रमण देखिएपछि नेपालीहरुमा चिन्ता बढेको छ । गैरआवासीय नेपाली संघ कुवेतले समस्यामा पर्ने नेपालीहरुलाई सहयोग शुरु गरेको प्रवक्ता गणेश रावतले बताएका छन्। तर रोजगारदाताले तलव दिन छोडेपछि समस्या नियन्त्रण बाहिर जाने चिन्ता बढेको छ ।

उता साउदी अरबले संक्रमणको अवधिमा घर फर्किन चाहने विदेशी कामदारलाई स्वास्थ्यका निश्चित प्रकृया पुरा गरेपछि प्रस्थान अनुमति दिने प्रवन्ध गरेको बताएको छ । रोजगारदातासँग करार अवधि समाप्त भएका आप्रवासी कामदार हरुलाई लक्षित गरी उक्त प्रवन्ध गरिएको साउदी गजेटले उल्लेख गरेको छ ।

### कोरोनाले ...

एनआरएनए उच्चस्तरीय समितिका प्रेस संयोजक चिरन शर्माले जानकारी दिए ।

# गण्डकी प्रदेशलाई पीपीई हस्तान्तरण



**पोखरा/मस-** पोखरा महानगरपालिकाले गण्डकी प्रदेश सरकारलाई स्वास्थ्यकर्मीले प्रयोग गर्ने व्यक्तिगत सुरक्षा सामग्री (पीपीई) हस्तान्तरण गरेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरामा एक कार्यक्रमबीच गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङलाई पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले एकसय थान पीपीई हस्तान्तरण गरे ।

मुख्यमन्त्री गुरुङले उक्त सामग्री बुझ्दै विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमण रोकथामका लागि प्रदेश सरकार कटिबद्ध रहेको विश्वास व्यक्त गरे । महानगरपालिकाले यसअघि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई पनि एक सय थान पीपीई उपलब्ध गराएको थियो । मुख्यमन्त्री गुरुङले पीपीई प्रदान गरेकामा महानगरपालिकालाई धन्यवाद दिए ।

महानगर प्रमुख मानबहादुर जिसीले शिशुवा अस्पताललाई र मातृशिशु मितेरी अस्पताललाई ४०/४० थान पीपीई प्रदान गरिने कार्यक्रम रहेको जानकारी दिए । कास्कीका चारवटै गाउँपालिकालाई पनि १०/१० वटा पीपीईसँगै रुपा, मादी, माछापुच्छ्रे र अन्नपूर्ण गाउँपालिकाका अध्यक्षलाई व्यक्तिगत सुरक्षा सामग्री प्रदान गरिने तयारी गरिएको उनको भनाइ छ ।

व्यवसायीद्वारा महानगरलाई पीपीई प्रदान

पोखरा महानगरपालिकालाई सुपर मादी हाइड्रोपावर र पोखरा अटोवेज प्रालिले व्यक्तिगत सुरक्षा सामग्री हस्तान्तरण गरेका छन् । सुपर मादी हाइड्रोपावर प्रालिका कार्यकारी अध्यक्ष पुष्पज्योति ढुङ्गाना र अटोवेज प्रालिका प्रबन्ध निर्देशक नारायण पौडेलले ५०/५० थान पीपीई महानगरप्रमुख जिसीलाई हस्तान्तण गरे ।

कोरोना जोखिम बढिरहेको अवस्थामा स्वास्थ्यकर्मीका लागि पीपीई अति आवश्यक भएकाले महानगरमार्फत सहयोग गरिएको उनीहरुले बताए । नगरप्रमुख जिसीले संकटको बेलामा संस्थाले गरेको सहयोग सराहनीय रहेको भन्दै यस्ता सामग्रीले कोरोना भाइरस रोगको रोकथाममा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।


# कोरोना रोकथाम कोषमा हिमालय एयरलाइन्सको एक करोड



**काठमाडौं/मस-** नेपाल-चीन संयुक्त लगानीमा स्थापित हिमालय एयरलाइन्सले कोरोना भाइरस (कोभिड १९) प्रकोपविरुद्धको लडाईंमा नेपाल सरकारसँगको ऐक्यवद्धता अभिव्यक्त गर्न सहयोग प्रदान गरेको छ। सो एयरलाइन्सले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत सरकारसँग सहकार्य गर्दै कोरोना नियन्त्रण तथा रोकथाम कोषमा १ करोड रुपैयाँ प्रदान गरेको छ ।

उक्त रकम आइतबार पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराईलाई एयरलाइन्सका अध्यक्ष झाउ इन्योङ र उपाध्यक्ष विजय श्रेष्ठले हस्तान्तरण गरे। सो अवसरमा उपाध्यक्ष श्रेष्ठले हिमालय एयरलाइन्स परिवारका लागि सरकारलाई सहयोग पुऱ्याउनु सम्मान र गौरवको कुरा भएको बताए । एयरलाइन्स नेपाली कम्पनी भएकाले देशप्रतिको आफ्नो कर्तव्य पूरा गर्न पनि कटिवद्ध रहेको उनले जोड दिए

# १६६ स्वास्थ्यकर्मी नियुक्त गर्दै बागमती प्रदेश सरकार




**हेटौंडा/मस-** बागमती प्रदेश सरकारले विशेषज्ञ चिकित्सकसहित १६६ चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मी नियुक्त गर्ने भएको छ । प्रदेशको सामाजिक विकास मन्त्रालयले विभिन्न ३६ पदमा स्वास्थ्यकर्मी नियुक्त गर्न लागेको हो । प्रदेश मातहतका अस्पताल तथा स्वास्थ्य संस्थामा व्यवस्थापन गर्ने गरी करारमा कर्मचारी भर्ना गर्न लागेको मन्त्रालयले जनाएको छ ।

मन्त्रलयले नवौं तहमा काम गर्ने गरी प्रसूति तथा स्त्रीरोग विशेषज्ञ तीन, हाडजोर्नी विशेषज्ञ तीन, कन्सल्टेन्ट एनेस्थोसियोलोजिष्ट पाँच, कन्सल्टेन्ट जनरल फिजिसियन चार, कन्सल्टेन्ट डर्माटोलोजिष्ट एक, कन्सल्टेन्ट पिडीयाट्रिसियन चार, कन्सल्टेन्ट प्याथोलोजिष्ट दुई, कन्सल्टेन्ट माइक्रोबायोलोजिष्ट एक, कन्सल्टेन्ट रेडियोलोजिष्ट पाँच, कन्सलटेन्ट सर्जन पाँच, कन्सल्टेन्ट साइक्याट्रिक पाँच, जनस्वास्थ्य प्रशासक र शिक्षा स्वास्थ्य प्रशासक दुई-दुई र नर्सिङ प्रशासक एक जनाको विज्ञापन प्रकाशन गरेको छ ।

त्यस्तै आठौं तहका लागि मेडिकल अधिकृत १७, दन्त चिकित्सक दुई, आयुर्वेद चिकित्सक तीन जनाका लागि दरखास्त आह्वान गरिएको छ। मन्त्रालयद्वारा प्रकाशित विज्ञापनमा सातौं तहमा नर्सिङ अधिकृत, फिजियो थेरापिष्ट र फार्मेसी अधिकृत दुई-दुई, मेडिकल ल्याब टेक्नोलोजिष्ट छ, कनिष्ठ नर्सिङ अधिकृत तीन, जनस्वास्थ्य अधिकृत १०, वायोमेडिकल इञ्जिनीयर एक जना माग गरिएको छ ।

त्यस्तै पाँचौं तहका लागि डेन्टल हाइजेनिष्ट, एनेस्थिटिक सहायक, फार्मेसी सहायक, बायोमेडिकल टेक्निसियन, मेडिकल रेकर्डर सुपरभाइजर, सहायक डाइटीसियन, स्टाफ नर्स, हेल्थ असिस्टेन्ट, ल्याब टेक्निसियनको माग गरिएको छ भने चौथो तहका लागि अनमी, अहेब र ल्याब सहायकको माग गरिएको छ ।

# रोकिएन वारपार

मध्यान्ह संवाददाता
काठमाडौं, ३० चैत



नेपाल भारतबीचको खुला सिमानाले गर्दा अहिलेपनि भारतबाट लुकिछिपी सिमावर्ती तराईका जिल्लाहरु आउने क्रम रोकिएको छैन । प्रदेश दुईका जिल्लाहरुमा भारतबाट आउनेहरुमा धर्म प्रचार तथा भेलाहरुमा हिड्नेहरु धेरै रहेकाले उनीहरुको नमूना परीक्षण गर्नुपर्ने माग उठेको छ ।

भारतमा तीब्र रुपमा फैलिंदै गएको कोरोना भाइरस (कोभिड १९) को संक्रमण नेपालमा फैलिन नदिन अहिले तेश्रो साताको लकडाउन चलिरहेको छ । तर लकडाउनमै लुकिछिपी भारतबाट नेपाल भित्रिएकाहरुको खोजी गर्दै अहिलेसम्म सप्तरी प्रशासनले ४ सय ५० जनालाई क्वारेन्टाइनमा राखेको छ । त्यसमध्ये १ सय ४० जना मुस्लिम समुदायका ब्यक्ति छन् । बारामा भेटिएका थप सप्तरीका ११ जनालाई क्वारेन्टाइनमा राखिएको छ ।

सप्तरीमा मात्रै नभई बारा, पर्सा, धनुषा, सुनसरी, बाँके, बर्दियासहितका जिल्लाहरुपनि भारतबाट नेपाल भित्रिने क्रम जारी रहेकाले संक्रमण फैलिन त्रास बढेको चिकित्सक बताउँछन् ।

गत फागुन ३ देखि ५ गतेसम्म सप्तरीको बोदेबर्साइनमा भएको मुस्लिमहरुको धार्मिक सम्मेलन इज्तिमामा भारत लगायतका देशका झण्डै चार लाख मानिस सहभागी भएका थिए । सोही भेलापछि नेपालका मुस्लिम समुदायहरु नयाँदिल्ली सहित भारतका विभिन्न शहर पुगेका थिए । दिल्लीको मुस्लिम धार्मिक भेलामा सहभागीमा कोरोना संक्रमण देखिएपछि त्यसले नेपालमा पनि चुनौती थपेको छ । तर मुस्लिम समुदायका अगुवाहरु त्यस्तो अवस्था नरहेको दावी गर्छन् ।

दिल्ली भेला लगत्तै कोरोनाको संक्रमण भारतमा फैलिन थालेपछि लकडनकै समयमै उनीहरु धमाधम नेपाल फर्किएका थिए । यसरी फर्किएकामध्ये केहीलाई प्रशासनले क्वारेन्टिनमा राखेपनि सबै फेला परेका छैनन् । खुला सिमानाकै कारण सप्तरी सहित तराई मधेसका जिल्ला कोरोना संक्रमणको उच्च जोखिममा पर्न थालेपछि सशस्त्र प्रहरीले अहिलेबोर्डरको सुरक्षा बढाएको छ । ७८ किलोमिटर दुरी भएको सप्तरीको सिमाक्षेत्रको चोरबाटोबाटसमेत आउजाउ पूर्णरुपमा बन्द गर्न अहिले ९ स्थायी सहित थप ५५ ठाउँमा सशस्त्र प्रहरीको अस्थायी क्याम्प सञ्चालन गरिएको छ ।

हालसम्म नेपालमा कोरोना संक्रमितको संख्या १२ पुगेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आइतबार दिएको जानकारी अनुसार वीरगञ्जमा थप तीन जनामा कोरोना संक्रमण देखिएको छ । संक्रमण न्यूनिकरणका लागि सरकारले विभिन्न उपायहरु अपनाउँदै आएको छ । तर, नागरिक नै सचेत नभएर खुला सीमाको फाइदा उठाउँदै आवतजावत गरिरहँदा संक्रमण फैलने जोखिम उच्च बन्दै गएको छ ।

## लकडाउन उल्लंघन गर्दै एबी मल
# खाद्यान्न बेच्ने नाममा मल सञ्चालन

शुभनारायण कामती/मध्यान्ह
सिरहा, ३० चैत




सिरहाको गोलवजारस्थित एबी मलले खाद्यान्न सामग्री बेच्ने नाममा आफ्नो ब्यबसाय खुल्ला गरेको छ । विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को संक्रमण नियन्त्रण गर्न नेपालमा सरकारले लकडाउन गरेको छ । नेपालमा समेत कोरोना संक्रमित भेटिएपछि सरकार थप कडाइका साथ रोकथामका कार्यमा लागेको छ । लकडाउनमा सरकारले भीडभाड नगर्न तथा अत्यावश्यक कामबाहेक नागरिकलाई घर बाहिरसमेत ननिस्कन भनेको छ ।

तर एबी मलमा खाद्यान्न सामग्रीको नाममा दाल बाहेक केही नरहेको एबी मलका म्यानेजर पिन्टु राउतले बताए । राउतका अनुसार खानेकुराहरु, चिप्स, तेल, नुन, कोल्ड ड्रिंक्सहरु रहेको बताए । यो लकडाउन भएको ३-४ दिन पछि बिहान ८ बजेदेखि बेलुका ६ बजेसम्म खुला रहने गरेको बताए ।

यो खुला गर्नको लागी आधिकारीकरुपमा जिल्ला प्रशासनबाट पास तथा अनुमति नदिएपनि गोलबजार उद्योग वाणिज्य संघको सिफाशिमा खुला गरिएको राउतले बताए ।

यसरी सरकारले खाद्यान्न बिक्री वितरण गरिने पसल तथा व्यवसायहरुलाई बिहान र बेलुका दुई-दुई घण्टा सञ्चालन गर्न दिएको छ तर पनि सरकारको निर्देशनको ठाडो अवज्ञा गर्दै एबी मल लकडाउनमा पनि बन्द भएको छैन । सरकारको निर्देशनलाई लत्याउँदै दैनिक मल्ल सञ्चालन भइरहेको छ ।

मल सञ्चालनमै रहँदा दैनिक जसो त्यहाँ भीडभाड हुने क्रम रोकिएको छैन । यसबाट यहाँ संक्रमणको जोखिम बढेको जानकारहरु बताउँछन् । दैनिक रुपमा मल सञ्चालन भइरहँदा पनि नगरपालिकाले भने कुनै चाँसो देखाएको छैन । यसरी व्यपार संघको सिफारिशमा खोल्न मिल्छ वा मिल्दैन स्थानीयहरुले प्रश्न गर्न थालेका छन् ।

# कोरोना रोकथाम कोषमा सानिमा बैंकको सहयोग

**काठमाडौं/मस-** सानिमा बैंक लिमिटेडले गण्डकी प्रदेश सरकारले स्थापना गरेको कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा उपचार कोषमा रु १० लाख प्रदान गरेको छ । गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङलाई शनिबार सो बैंकका गण्डकी प्रदेश प्रबन्धक भावुक तण्डुकारले सो रकम बराबरको चेक हस्तान्तरण गरेका हुन् ।

मुख्यमन्त्री गुरुङले कोभिड-१९ सँग जुध्नका लागि सरकारी तथा निजी क्षेत्रको सहयोग आवश्यक रहेकामा जोड दिँदै सहयोग गर्ने सबैमा धन्यवाद व्यक्त गरे । सानिमाले सङ्घीय सरकारको कोरोना राहत कोषमा रु ५० लाख तथा देशका सात प्रदेश सरकारलाई रु १० लाखका दरले सहयोग गरेको बताइन्छ ।

**एक हजार २७७ परिवारलाई राहत**

लकडाउनका कारणले साँझ बिहान चुलो नबलेका दैनिक ज्यालादारी श्रमिक र विपन्न परिवारलाई मादी र माछापुच्छ्रे गाउँपालिकाले राहत विरतण गरेका छन् । लकडाउनबाट घर बाहिर निस्कन नपाएपछि साँझ बिहान हातमुख जोर्न धौधौ परेका मजदुर, विपन्न, असाहाय तथा गरिब परिवारको लगत सङ्कलन गरी ती दुई पालिकाले एक हजार २७७ परिवारलाई सम्बन्धित वडामा राहत वितरण गरिएको जनाएका छन् ।

मादीले पहिलो चरणमा ६५२ परिवारलाई राहत वितरण गरिएको जनाएको छ । राहतमा प्रतिपरिवार २५ केजीको एक बोरा चामल, दाल, चिनी र नुन एक केजीका दरले रु दुई हजार बराबरको खाद्यान्न वितरण गरिएको गाउँपालिका अध्यक्ष बेदबहादुर गुरुङले जानकारी दिए ।

यसैगरी पर्यटन व्यवसायी एवं राष्ट्रिय युवा सङ्घका केन्द्रीय सदस्य महेन्द्र गुरुङले रु एक लाख एक हजार ५०० र इशानेश्वर हार्डवेयरले रु २० हजार सहयोग जम्मा गरेको गाउँपालिकाले जनाएको छ ।

**माछापुच्छ्रेमा ६२५ परिवार**

माछापुच्छ्रे गाउँपालिकाले ६२५ विपन्न परिवारलाई राहत वितरण शुरु गरेको छ । शुक्रबार र शनिबार अधिकांश वडामा राहत विरतण गरिएको र बाँकी वडामा आज वितरण गरिसकिने गाउँपालिका उपाध्यक्ष कृष्णकुमारी दवाडीले बताए ।

गाउँपालिकाले राहतका लागि तीनथरि प्याकेज बनाएको जनाएको छ । पाँच जना सदस्य रहेको परिवारलाई ३० केजीको एक बोरा चामल, दुई केजी दाल, एक लिटर तेल, एक पोका नुन, एक पोका बेसार तथा साबुनको 'फुलप्याकेज' वितरण गरिएको बताइन्छ ।

# कोरोनाविरुद्ध विशेष सतर्कता अपनाउँदै एनआईसी एशिया




**काठमाडौं/मस-** एनआईसी एशिया बैंकले आफ्ना विभिन्न शाखाहरुमा सुरक्षा नीति अपनाएर संचालनमा ल्याईरहेको जानकारी दिएको छ । बैंकले आईतबार एक विज्ञप्ती जारी गर्दै लकडाउनको बेला पनि सर्वसाधारणलाई सेवा दिनका लागि विभिन्न ५० ओटा शाखा कार्यालय, ४ सय ६१ ओटा एटीएम काउन्टर संचालनमा ल्याइरहको जानकारी दिएको हो ।

बैंकले आफ्ना कर्मचारी, ग्राहक तथा एटीएम काउन्टरहरुमा विभिन्न सुरक्षाका उपायहरु अपनाएको छ जसमा ग्राहकका लागि विभिन्न ८ ओटा बुँदामा सुरक्षाका काम गरिहेको छ भने एटीएममा ४ ओटा सुरक्षा नीति अपनाएको छ ।

साथै बैंकले आफ्ना कर्मचारीहरुलाई पनि लकडाउन र महामारीको बेलामा पनि ग्राहकहरुको सेवा दिईरहेको भन्दै धन्यवाद दिएको छ । बैंकका अनुसार कर्मचारीहरुलाई पनि विभिन्न ८ किसिमका सुरक्षा नीतिहरु अवलम्बन गरेको छ ।

कोरोना भाइरसको संक्रमणलाई न्यूनीकरण गर्नको लागि सरकारले लकडाउन घोषणा गरिरहेका बेला देशभरयातायात, उद्योग, कलकारखाना, विकास निर्माणलगायत क्षेत्रहरू बन्द रहेको अवस्थाबीच मुलुकको अर्थतन्त्रलाई चलायमान राख्न वित्तीय क्षेत्रलाई सञ्चालन गर्न आवश्यक देखिए अनुसार बैंकले सुरक्ष अपनाएर सेवा संचालनमा ल्याएको जानकारी दिएको छ ।

बैंकले आंशिक रुपमा शाखा कार्यालयहरू सुचारु गरिरहेको अवस्था भएपनि नेपाल सरकारले जारी गरेको बन्दाबन्दीलाई कार्यान्वयका लागि सघाउ पुर्याउनका लागि बैंकले 'कोरोनासँगको लडाई, बैंकिङ गरौं घरबाट एक पाइला नबढाई' भन्ने नाराका साथ ग्राहकहरुलाई घरबाट बाहिर निस्कन नपर्ने गरि कार्ड, मोबाइल बैंकिङ, ईन्टरनेट बैंकिङ लगायतका विद्युतीय माध्यमबाट बैंकिङ कारोबार गर्न प्रोत्साहन गरिरहेको छ । जसका लागि विद्युतीय बैंकिङबाट गरिने अन्तर बैंक रकम स्थानान्तरण, बिजुली महसुल, खानेपानी महसुल, ईन्टरनेट सेवा, बीमा तथा टेलिफोन शुल्क लगायतका भुक्तानीहरू निःशुल्क रुपमा गर्न सक्ने व्यवस्था बैंकले गरिसकेको छ ।

ग्राहकहरुले घरमै बसी अनलाईन खाता खोल्ने सुविधाका साथै कुनै सेवा लिए वापत तथा सामान खरिद गर्दा क्युआर कोडको सेवाबाट पनि निःशुल्क भुक्तानी गर्न पनि सकिने गरी सहजीकरण गरिदिएको छ ।

# एक्सपर्टले अष्ट्रेलियामा रहेका विद्यार्थीलाई सहयोग गर्ने

**काठमाडौं/मस-** कोरोना भाइरसको संक्रमणका कारण अष्ट्रेलियामा रहेका विद्यार्थीको सहयोगार्थ एक्सपर्ट फाउण्डेसनले सहयोग कोष स्थापना गरेको छ । एक्सपर्ट उच्च शिक्षामा विदेश जाने विद्यार्थीको परामर्श र सेवामा क्रियाशिल संस्था हो । आफ्नो सामाजिक उत्तरदायित्व निर्वाह गर्ने क्रममा एक्सपर्टले अष्ट्रेलियामा रहेका नेपाली विद्यार्थीहरुलाई पर्न सक्ने समस्या समाधानका लागि यो कार्य गरेको हो । सामाजिक उत्तरदायित्व अन्तर्गत एक्सपर्टले खेलकुदमा पनि ठूलो सहयोग गर्दै आएको छ ।

विषेश गरी क्रिकेटका एक्सपर्ट क्रियाशिल छ ।

दुई लाख अष्ट्रेलियन डलरको रकम जम्मा गरेर एक्सपर्टले नेपालीमात्र नभई अन्य देशका समस्याग्रस्त विद्यार्थीलाई सहयोग गर्नेछ । अष्ट्रेलिया अध्ययनरत नेपाली विद्यार्थीहरु आफ्नो पहिलो दायित्व भएको फाउण्डेसनले जनाएको छ । नेपाली विद्यार्थीका लागि एक लाख ५० हजार सहयोग गरिनेछ भने अन्य देशका विद्यार्थीहरुका लागि बाँकी ५० हजार डलर छुट्याइएको छ ।

पल्लिो ६ महिनायता अष्ट्रेलिया पुगका विद्यार्थीहरु सबैभन्दा बढी प्रभावित हुने भन्दै फाउण्डेसनले उनीहरुलाई पहिलो प्राथमिकतामा राखेको छ । ती विद्यार्थी र तीनका डिपेन्डेन्टहरु अहिले कामबिहीन छन् । कतिले कामै पाएका थिएनन् भने कतिपय विद्यार्थी लकडाउन पनि बेरोजगार भएका छन् ।

विभिन्न संघ संस्थामार्फत एक्सपर्टले वास्तविक समस्याग्रस्त विद्यार्थी पहिचान गरी उक्त सहयोग प्रदान गर्नेछ । समस्याग्रस्त विद्यार्थीले आफ्नो नाम दर्ता गर्न पनि फाउण्डेसनले अनुरोध गरेको छ । दर्ता गर्नका लागि यो लिंकमा क्लीक गर्न सकिनेछ । यस्तै कुनै सल्लाहको अवस्यकता परेको अवस्थामा इमेल गर्न पनि आग्रह गरिएको छ ।

# रिभर फाउण्डेशनको सहयोग



**काठमाडौं/मस-** समाजसेवालाई अगाडि बढाउने उद्देश्यका साथ युवा व्यवसायी रघुनाथ पुरीद्वारा स्थापना गरिएको द रिभर फाउण्डेशनले मोरङको बेलवारी नगरपालिकाको कोरोना भाइरस विपद् व्यवस्थापन कोषलाई १ लाख १ हजार १ सय ५ रुपैयाँ सहयोग गरेको छ । उक्त रकम शनिबार नगरपालिकाका अध्यक्ष ज्ञानेन्द्र सुवेदीलाई हस्तान्तरण गरिएको हो ।

सरकारद्वारा कोरोना नियन्त्रणका लागि घोषणा गरिएको लकाउनका कारण दैनिक गुजारा चलाउन समस्या भइरहेका विपन्न वर्गलाई राहत होस् भनेर सहयोग गरिएको फाउन्डेसनका अध्यक्ष पुरीले बताए । मुलुकमा समस्या परेको बेला निजी क्षेत्रका व्यवसायीले सहयोगका लागि जुट्नुपर्ने भन्दै उनले फाउण्डेसनले आगामी दिनमा पनि कोरोना रोकथामका लागि सहयोग गर्ने प्रतिवद्धता जनाए ।

# सभामुख, अध्यक्ष र कानूनमन्त्रीबीच छलफल

**काठमाडौं/मस-** सभामुख अग्निप्रसाद सापकोटा, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना र कानून, न्याय तथा संसदीय मामिलामन्त्री डा शिवमाया तुम्बाहाङफेबीच मुलुकको समसामयिक विषयमा छलफल भएको छ । सभामुखको कार्यकक्ष सिंहदरबारमा आज भएको छलफल कोरोना भाइरसका कारण उत्पन्न विषम परिस्थिति, सरकारले चालेका कदमहरु र संघीय संसद्ले खेल्न सक्ने भूमिकाका विषयमा केन्द्रित रहेको सभामुखको सचिवालयले जनाएको छ ।

छलफलमा सभामुख सापकोटा र अध्यक्ष तिमिल्सिनाले सरकारले कोरोना संक्रमण रोकथाम र नियन्त्रणमा गरिरहेका कामहरु उपयुक्त रहेको बताउँदै यसको प्रभावकारी कार्यान्वयनका लागि समन्वयकारी भूमिका खेल्न सुझाव दिएका थिए । उनीहरुले न्यून आय भएका, दैनिक ज्यालादारी मजदूरका विषयमा गम्भीर हुन र स्वास्थ्य सामग्रीको अभाव हुन नदिन पनि सरकारलाई सुझाव दिएका थिए । कानूनमन्त्री तुम्बाहाङफेलाई यही चैत २४ गते बसेको मन्त्रिपरिषद् बैठकले संसद्मा प्रतिनिधित्व गर्ने दलहरुसँग समन्वय गर्ने जिम्मेवारी दिएको थियो ।

# पूर्वराजाले घोषणा गरेको दुई करोड राहत कोषमा जम्मा



काठमाडौं/मस- पूर्वराजा ज्ञानेन्द्र शाहले घोषणा गरेको दुई करोड रुपैयाँ सरकारको कोरोना कोषमा जम्मा भएको छ । हिमानी ट्रष्टमार्फत पूर्वराजाले उक्त रकम हस्तान्तरण गरेका हुन् ।

'मानव जगतकै अस्तित्वमा चुनौतीको रुपमा आएको यस महामारीबाट विश्वका राष्ट्रहरु एक प्रकारले सम्बन्ध विच्छेदको अवस्थामा छन्,' कोषले विज्ञप्ति जारी गर्दै भनेको छ, 'कोरोनाको यो स्थितिबाट विश्वमा जति मानिसको स्वास्थ्यमा असर गरेको छ, त्यति नै विश्व अर्थतन्त्रमा समेत प्रतिकूल प्रभाव परिरहेको छ । एकातिर महामारीको त्रासले आम नेपाली नागरिकहरु विक्षिप्त र संत्रासमा छने अर्कोतिर उनीहरु गास, बास र कपासको जोहो गर्ने समस्याबाट समेत आक्रान्त छन् ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'यस्तो विषम् परिस्थितिसँग जुध्न हातेमालो गर्दै नेपाल सरकारले सहयोग पुऱ्याउने हेतुले श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट हिमी कोषलाई रु २ करोड बक्स भएको सर्वविदितै छ । महाराजधिराज सरकारको यस महान योगदानलाई कार्यान्वयन गर्दै कोरोनाभाइरसको रोकथाम, नियन्त्रण र उपचारका लागि टेवा पुगोस् भन्ने उद्देश्यका साथ, उक्त रकम नेपाल सरकारको कोरोनाभाइरस संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा जम्मा गर्न पाउँदा हिमानी कोष परिवार भाग्यशाली महसुस गर्दछ ।' यो रकमको पूर्ण सदुपयोग होस् भन्ने पनि कोषको आग्रह गरेको विज्ञप्तिमा उल्लेख छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.

G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# संकल्पको वर्ष

सामान्य अवस्था रहदो हो त यसबेला मुलुकभर नयाँ वर्षको उत्सव चलिरहेको हुने थियो। वर्षभर सम्पन्न कामको समीक्षा अनि आउने वर्षमा गरिने संकल्प प्रस्तुत भइरहेको हुने थियो। राजधानीलगायत देशभरका ठूला शहरहरूमा व्यापारिक जमघट र उत्सवको रंगिन आकाश नाँचिरहेको हुन्थ्यो। तर, यी त सबै कल्पनाको विषय भयो। किनभने, यसबेला मुलुक असामान्य अवस्थामा छ। वर्षको अन्तिम महिना चैतको पहिलो साताबाटै मुलुकभर बन्दाबन्दी घोषणा गरिएकाले सामाजिक सञ्जाल बाहेक अन्यत्र नयाँ वर्ष स्वागतको कुनै गतिविधि हुन सकिरहेको छैन।

सरकारले अत्यावश्यक बाहेकका काममा घरबाट बाहिर निस्कन रोक लगाएकाले नयाँ वर्षको उत्सव रहने कुरै रहेन। बरू, यसको ठीक बिपरीत राज्य संयन्त्र नै सामाजिक दुरी कायम गरेर नियमित कार्यमा नरहन निर्देशन दिइरहेको छ। कुनै अदृष्य समस्या विरूद्ध सरकार र नागरिक दुवै मिलेर असामान्य अवस्था सिर्जना गरिनु नेपालको आधुनिक इतिहासमै पहिलो पटक भइरहेको छ। त्यसैले नयाँ वर्षको उत्सवको साटो सचेतताको उपायहरू आम पंक्तिमा बढी प्रचारित भइरहेको छ।

तर पनि भित्ताको पात्रो त पल्टने नै छ। शान्त साक्षी बनेर २०७७ लाई स्वागत गरिनेछ। संभवतः उत्सवको साटो सन्नाटा छाएर आएको यो नियति अब नदोहोरिउन्। सन्नाटाले स्वागत गरिएको यो नै अन्तिम वर्ष बनोस्। त्यसका लागि हामीले केही तर, महत्वपूर्ण कदम भने चाल्नुपर्नेछ। किनभने, विश्व महामारीको रूप लिएको कोरोना भाइरसले हामीलाई निकै लामो समयसम्म असर पार्नेछ। इतिहासको साहित्य, राजनीति र सामाजिक अवयव यही महामारीको केन्द्र भएर घुम्नेछ। अर्थतन्त्रमा नराम्रोसँग प्रभाव पर्ने हुनाले सामान्य लयमा फर्कन विश्व मानव जगतले ठूलै प्रयत्न गर्नुपर्नेछ। नेपालजस्तो परनिर्भर मुलुकले अझ बढी मेहनत गर्नुपर्ने हुन्छ। तसर्थ, यो नयाँ वर्षको स्वागत अघिल्ला वर्षहरू जसरी धुमधामका साथ उत्सव मनाएर नभई शान्त भएर तर, दृढ संकल्प लिएर गर्नुपर्नेछ।

यो महामारीकै कारण हामीमा रहेको, देखिएको तर, बदल्नतिर नलागिएको विषय समेत उजागर हुनेछ। तसर्थ, हामीले नयाँ वर्ष २०७७ लाई एउटा संकल्प वर्षका रूपमा स्वागत गर्नुको अर्को विकल्प समेत छैन। फेरि पनि हाम्रो समाज जोगाउन सके, भविष्य समेत जोगिने भएकाले कोरोना विरूद्धको यो लडाईलाई जित्नेगरी एउटा विराट संकल्प गरौं, नयाँ वर्ष २०७७ मा शुभकामना !

## सामाजिक सञ्जाल



पत्रकारितामार्फत् तपाईंले लेख्ने/बोल्ने कुराको समाजमा धेरै हदसम्म असर पर्छ। सनसनीपूर्ण प्रस्तुतिले तपाईंका मालिकलाई आर्थिक लाभ हुने गरी 'टीआरपी' त बढ्ला, तर समाजले त्यसको चर्को मूल्य चुकाउनुपर्ने हुन सक्छ। पत्रकारिता निकै सुझबुझका साथ गरिने पेशा हो, घृणा फैलाउने लाइसेन्स होइन।

**- गनी अन्सारी**




देशका अर्बपती कालोबजारिमा, जनताकाप्रतिनिधि आफन्तलाई जागिर खुवाउँदै, मन्त्रीहरू देशलुट्न भ्याइनभ्याई, अर्थमन्त्री सिपाहिको र मेयर स्वास्थ्यकर्मीको सुविधामा कैँची लाउँदै, संसदका सचेतक घर्मै टिक टकमा नाच्दै, प्रम बिरामी, कार्यकारी खुट्टो घुमाउने जालबुन्दै, जनता भोकभोकै, अब देशै आइसोलेसनमा।

**– जिवन गुरागाईं**



लकडाउन अझै कडाइ गर्ने प्रधामनन्त्री र मुख्यमन्त्रीहरूको कुरामा समर्थन, सिमानाकाबाट चरो मुसो समेत छिर्न नदिने कुरा भनै ठिक। तर काठमाडौंबाट भक्तपुर काभ्रेका डाँडाकाँडा छिचोल्दै वीपी राजमार्गमा लालाबाला सहित हिडिरहेका 'मुसाफिर'हरूलाई सुरक्षा निकायका गाडीबाट गन्तव्यसम्म पुऱ्याइयोस्।

**– मात्रिका पौडेल**



भ्रष्टाचारको विरोध गऱ्यो भने नेकपाका साथीहरू खनिनुहुन्छ कांग्रेसलाई प्रश्न तेर्स्याउनु हुन्छ। जनताले विश्वास गरेर स्थिर सरकारका निम्ति जिताएरै पठाएका छन् त इमानदार भएर पहिला भन्दा फरक ढंगले काम गरे हुन्न ? पहिलाकै गल्ती पुनः दोहोऱ्याउन मत पाएको कि नयाँ ढंगले काम गर्न ?

**– एलिजा ढकाल**


### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला। समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं। कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article .madhyanhadaily@gmail .com


# कतारमा कोरोना संक्रमणको व्यवस्थापन र नेपाली



■ प्रो. रमजान अली मियाँ

> श्रम, श्रमिक तथा खाना आवास सम्बन्धि कुनै गुनासा उजुरीहरू भए श्रम मन्त्रालयले अवलम्बन गरेको म्यासेज नम्बर ९२७२७ मार्फत पहिलो चरणमा उजुरी दर्ता गर्न सकिन्छ भने कोरोना सम्बन्धि कुनै समस्या भए वा जानकारी लिनुदिनु परे हटलाइन नम्बर १६००० मा सम्पर्क गर्ने व्यवस्था गरिएको छ।

गत २९ फेब्रुअरी २०२० (२०७६ फाल्गुन २७ गते) का दिन पहिलो पटक इरानबाट फर्केका एक ३६ वर्षीय कतारी नागरिकमा देखिएको कोरोना संक्रमणले यतिबेला कतारलाइ पनि चुनौती दिइरहेको छ। तथापि कतारको यस रोगको निवारण तथा उन्मुलन प्रतिको विषेश चासो र लगनशीलले यहाँ रहेका आप्रवासीहरुको मन जित्न सफल भएको छ। कतारले कयौं स्थानमा क्वारेन्टाइन केन्द्र तथा आइसुलेशन केन्द्रहरु निर्माण गरिसकेको छ। दैनिक ७०० देखि ३५०० भन्दा अधिकको कोरोना चेकजाँच गर्न कतार सक्षम रहेको छ। जस्का कारण यहाँ छिटो छिटो कोरोनाका सन्क्रमित पत्ता लगाउन सहज भएको छ। कतारले कोरोना भाइरस रोग माथि नियन्त्रण गर्न आरम्भ देखि नै आधुनिक प्रणाली र नौला उपायहरु खोज्दै र अपनाउँदै आएको देखिन्छ।

मार्च महिनाको पहिलो हप्तादेखि नै कतार आउने र कतारबाट उडान भर्ने सबै उडानहरुलाइ शुरुमा १४ दिन त्यसपछि अर्को पटक समयावधि थपेर उडान र अवतरणमा रोक लगाइएको छ। तथापि कुनै पनि कतारी १४ दिन क्वारेन्टाइनमा बस्ने शर्तमा कुनै पनि बेला सुविधाअनुसार कतार फर्कन सक्दछ। कतारले यस घडिमा आफ्नो मात्र होइन बिश्व समुदायको पनि सहयोग गरिरहेको छ। पछिल्लो पटक चीन इरान लगायत इटालीलाई कतारले अत्यावश्यक स्वास्थ्य सामग्री र अन्य सहयोग गर्दै आएको छ। जसले गर्दा कतार अन्तर्राष्ट्रिय जगतको मन जित्न सफल छ। आफ्ना छिमेकी मुलुकहरुसँग पनि यस प्रकोप जित्न र यसमा विजय हासिल गर्न संवाद गरिरहेको देखिन्छ। आइकाओ मार्फत खाडी मुलुकहरुले आ आफ्नो एयर स्पेस खोलेर कोरोना निवारणमा आ-आफ्नो भुमिका निर्वाह गर्न अपिल समेत गरिसकेको छ। आफ्नो विशेष कुटनैतिक प्रक्रिया अनुसार विश्व जगतसँग कतार हातमा हात, काँधमा काँध मिलाएर कोरोनालाई परास्त गर्न नयाँ नयाँ योजना बनाउन व्यस्त पाइन्छ। यस्तो विषम परिस्थितिमा पनि कतार कत्तिपनि पछि नहटी कोरोनाको मुकाबिला गरिरहेको छ। कयौं क्षेत्रका गतिविधि स्थगन भएता पनि कतारको दैनिकी तथा जनजीवन प्रगतितर्फको यात्रा निरन्तर जारी नै छ। यद्यपि कतारको औद्योगिक क्षेत्र सनाईया जहाँ अधिकांश आप्रवासीहरु काम गर्छन् र बसोबास पनि गर्दछन्, यो क्षेत्र विगत १७ मार्च २०२० देखि सुरक्षाको दृष्टिकोण तथा स्वास्थ्य सुरक्षालाई हृदयंगम गर्दै सबै कुराको व्यवस्थापनसहित पूर्णरुपमा लकडाउन गरिएको छ। पहिलो पटक दुई सप्ताहको लागि लकडाउन गरिएकोमा समयावधि पुनः थपिएको थियो। जुन कार्य आवश्यक मात्र होइन अति आवश्यक रहेको थियो।

कतार सरकारले यो प्रकोप फैलिन नदिनका निम्ति देशभरिका सार्वजनिक स्थल, समुद्री किनाराहरु, सार्वजनिक पार्क, रेस्टुरेन्ट तथा क्याफेटेरिया र मस्जिदहरुको अगाडि कुनै पनि किसिमको जमघट तथा भेलाहरुलाई पूर्णरुपम प्रतिबन्धित गरेको छ। यस नियमको उल्लंघन गर्नेलाई २ लाख रियाल भन्दाबढी र अधिकतम ३ वर्ष कारावास सजाय हुने गरी नियमन गरिएको छ। देशभरिका क्लब, जिम सेन्टर, शैलुन, खेलमैदान लगायत मानिस भेला हुन सक्ने र भिडभाड हुन सक्ने सम्भावित सबै क्षेत्रहरु बन्द गरिएको छ। जसले गर्दा विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को निर्देशन पूर्णरुपमा पालमा गर्न कतार सक्षम भएको छ। यद्यपि दैनिक अत्यावश्यकबाहेक अन्य कार्यालय र पसलहरुलाई बिहान ६ बजेबाट १ बजे सम्म मात्र खोल्ने अनुमति प्रदान गरिएको छ भने रेस्टुरेन्ट, मासु पसल तथा कयौं अन्यलाई बेलुका ७ बजेसम्म मात्र संचालन गर्ने अनुमति दिएको छ। श्रमिकहरु बोक्ने यातायातका साधनलाई क्षमता भन्दा ५० प्रतिशत मात्र यात्रु बोक्न र कार्य क्षेत्रमा पनि ५० प्रतिशत जनशक्ति मात्र प्रयोग गर्न निर्देशन दिइएको छ।

यसैगरी अन्य दक्ष जनशक्तिको हकमा ८० प्रतिशत जनशक्तिले घरबाटै आफ्नो कार्य सम्पादन गर्न सक्ने र २० प्रतिशत जनशक्ति मात्र प्रत्यक्ष कार्यस्थलमा उपस्थित भएर कार्य सम्पादन गर्ने उचित व्यवस्था गरिएको कारण कुनै पनि काम ठप्प भएको छैन र दैनिकी आफ्नो गतिमा संचालनमा रहेको छ। शैक्षिक संस्थाहरु बन्द भएता पनि कयौंलाई अनलाइन प्रविधिमार्फत पठनपाठन गर्ने व्यवस्था मिलाइएको कारण शैक्षिक गतिविधिमा कुनै अवरोध सृजना भएको छैन।

आप्रवासीहरुको जनचेतनाका निम्ति र यस प्रकोपबाट सावधानी अपनाउनका लागि नेपाली समेत कयौं भाषाहरुमा अडियो, भिडियो, कागजी पम्फ्लेटहरु प्रचारप्रसार एवं वितरण गरिएका छन् भने रेडियो टिभि तथा सामाजिक सञ्जालमार्फत जानकारी उपलब्ध गराउने व्यवस्था गरिएका कारण आप्रवासी कामदारहरुले यस बारे राम्रो ज्ञान राख्न सक्षम भएको कामदारहरु बताउँछन्।

श्रम, श्रमिक तथा खाना आवास सम्बन्धि कुनै गुनासा उजुरीहरु भए श्रम मन्त्रालयले अवलम्बन गरेको म्यासेज नम्बर ९२७२७ मार्फत पहिलो चरणमा उजुरी दर्ता गर्न सकिन्छ भने कोरोना सम्बन्धि कुनै समस्या भए वा जानकारी लिनुदिनु परे हटलाइन नम्बर १६००० मा सम्पर्क गर्ने व्यवस्था गरिएको छ।

देश भित्र रहेका सफारी मल लगायत ठूला सपिङ्ग मलहरुलाइ २४ सै घण्टा पनि खुला राखिएको छ। सरकारले हरेक दुई तीन दिनमा पत्रकार सम्मेलनमार्फत देशका नागरिक र वासिन्दाहरुलाई आधिकारिक जानकारी दिने गरेको छ।

कतारमा रहेको नेपाली समुदायकोहकमा शुरुआतका दिन देखि नै नेपाली राजदूतावास कतार आफ्ना नागरिकको सुरक्षामा कटिबद्ध भई लागिपरेको छ। सरकारद्वारा जारी गरिएका सुचना र कोरोनाबारे सचेतना जगाउन विभिन्न सुचना सम्प्रेषण गर्नेदेखि लिएर अत्यावश्यक बाहिरङ्ग सेवा हाल पनि नियोगले प्रदान गर्दै आएको छ। यस परिस्थितिमा पनि श्रमिक लगायत आम नागरिकको हक अधिकारको सुनिश्चितताका लागि कतारस्थित राष्ट्रिय मानव अधिकार समितिले पनि आफ्नो हटलाइन सेवा आरम्भ गरेको छ। यी हटलाइन मार्फत सबैले २४ सै घण्टा आफ्नो समस्यको समाधान र कुनै गुनासोको उजुरी गर्न सक्ने व्यवस्था छ।

कतारमा विभिन्न समस्यामा परेका नेपालीहरुको सहयोगार्थ गैर आवासइी नेपाली संघ कतारले कतारको स्थानइी निकाय र विभिन्न परोपकारी संस्थासँग मिलेर उद्दार तथा राहत वितरण गर्ने काम तीब्र रुपमा गरिरहेको छ। यस अभियानमार्फत धेरै नेपालीहरुले ठुलै राहत पाएका छन्। गैर आवासइी नेपाली संघले विभिन्न सचेतनामुलक गतिविधि पनि सञ्चालन गरेको छ। जसमा नेपाली व्यवसायी संघ कतारलगायत समाजका अन्य समाजसेवीहरुले संघलाई उल्लेख्य सहयोग गर्दै आएका छन। यस्तो विषम परिस्थितिमा नेपालीहरुबीच देखिएको यस प्रकारको सहकार्य र आत्मइीताले अत्यन्तै राम्रो सन्देश प्रवाह गरेको छ।

नेपाली श्रमिक तथा आम नेपाली जनसमुदायमा कतार सरकारले जारी गरेका नियम कानून तथा आपतकालीन अवस्थामा सम्पर्क गर्ने हटलाइन नम्बर, सम्पर्क नम्बर र त्यस्को विधि एवं प्रक्रियाबारे गैर आवासइी नेपाली संघले सचेतना प्रवाह गर्नुपर्ने आवश्यकता देखिएको छ। कयौंलाई हालसम्म पनि कतारले अवलम्बन गरेका सुविधाहरुबारे राम्रो ज्ञान नभएको पाइएको छ। जसका कारण अलमलको अवस्था विद्यमान रहेको छ। कतारमा रहेका सञ्चारकर्मीहरुको भूमिका र समयमै सुचना प्रवाहले पनि नेपाली समाजलाई ठुलै राहत पुगेको छ। कतारले गलत सूचना प्रवाह गरे अनाधिकृत जानकारी सम्प्रेषण गरेको अभियोगमा कानूनी जवाफदेहिता हुने नियमलाई कडाइका साथ लागू गरेको छ। तसर्थ कुनै सुनेको वा पढेको बिषयलाई तुरुन्तै सम्प्रेषण गर्नबाट बच्नु पर्ने देखिन्छ। कतारले हालका दिनहरुमा जारी गरेका नियम र कानूनहरुको पूर्ण पालना गरे हाम्रो र समाजको हितमा कल्याण हुने कुरालाई कसैले नकार्न सक्दैन।

खाडीका अन्य मुलुकमा कोरोनाका कारण नेपालीको मृत्यु भएता पनि कतारमा हालसम्म नेपालीको मृत्यु भने भएको छैन। अन्य आप्रवासी झै कयौं नेपालीहरु पनि कोरोना चेकजाँचको क्रममा स्वास्थ्य केन्द्र तथा क्वारेन्टाइनमानमा रहेका छन्।

केही नेपालीहरुको कोरोनोको कारण नभई अन्य कारणले अनायासै मृत्युवरण गर्नु परेको कारण हाल विमानसेवा उपलब्ध हुन नसकेकोले ति शवहरु यहाँका अस्पतालमा रहेका छन्। सरकारले यी शवहरुको छिटो व्यवस्थापन गर्नुपर्ने अपरिहार्य भइसकेको छ। नेपालका राष्ट्रपति, प्रधानमन्त्री र मन्त्रीद्वारा विभिन्न देशमा रहेका आफ्ना नागरिकहरुको विषयमा सम्बन्धित देशका समकक्षीसँग वार्तालाप गरी चासो राखिएको सन्दर्भमा कतारका नेपालीहरुको बारेमा यस्तो चिन्ता र चासो नदेखिनुले कतारका नेपालीहरुले दुःख व्यक्त गरेका छन्। तसर्थ नेपालले कतारका उच्च निकाय समक्ष नेपालीहरुको बारेमा चासोपूर्वक सुरक्षा र सुविधाबारे आफ्नो कुरा राख्न कत्ति पनि ढिला गर्नुहुँदैन।

कोरोना भाइरसको सम्भावित जोखिमलाइ मध्यनजर गर्दै कतार सरकारले अर्को सूचना जारी नगरेसम्म दैनिक उपभोग्य वस्तु, खाद्यान्न पसल, औषधि पसल, ढुवानी सेवा, पेट्रोल पम्प, डेलिभरी गर्ने रेस्टुरेन्ट बाहेक सम्पूर्ण ट्रेडिङ गतिविधि र पसलहरु शुक्रबार र शनिबार पुर्ण बन्द गर्ने निर्णय गरेको छ। तथापि सवारी साधनको आवतजावत निरन्तर नै हुनेछ भने अनावश्यक रुपमा घरबाट बाहिर न निस्कन विशेष अनुरोध गरिएको छ।

कतारमा कोरोना भाइरस देश भित्रबाट ७२ प्रतिशत संक्रमण, २६ प्रतिशत बाहिरबाट आएकाहरुबाट र २ प्रतिशत खुल्न बाँकी रहेका छन्। संक्रमित मध्य २ प्रतिशतको अवस्था गम्भीर र ३७ जनाको आईसीयू कक्षमा उपचार हुँदैछ।

***(प्रो. मियाँ राष्ट्रिय मानव अधिकार समिति कतारमा नेपाल संयोजक हुन्।)***

# कोरोनाको महामारीमा सुरक्षा करको उपयोग

**कोरोना रोकथाम तथा न्यूनीकरणका लागि स्वास्थ्य सामग्री खरीदमा ठूलो अनियमितता भएका समाचार आएका छन्। व्यवसायीले दिएको दरभन्दा ४०-४५ गुणासम्म महँगोमा स्वास्थ्य सामग्री खरीद भएका रहस्य बाहिरिएका छन्।**



डा. दीपेन्द्रकुमार चौधरी

कोरोना भाइरसको संक्रमण फैलिन नदिन सरकारले वैशाख ३ गतेसम्म लकडाउन लम्ब्याएको छ। कोरोना रोकथाम, उपचार तथा राहतका लागि आवश्यक पर्ने स्रोत खोज्दै छ। त्यसैका लागि संघ, प्रदेश र स्थानीय सरकारहरूले विभिन्न सहायता कोष स्थापना गरेका छन्। सरकार आवश्यक स्वास्थ्य सामग्री खरीदमा जुटेको छ। यसैको सेरोफेरोमा ऐन नियमको व्यवस्थामा रहेका आन्तरिक स्रोतहरूको पहिचान गरिएको छ।

नेपाल सरकारले आर्थिक वर्ष २०६६/०६७ देखि पारिश्रमिक आय आर्जन गर्ने व्यक्तिहरूको करयोग्य आयमा १ प्रतिशतको दरले सामाजिक सुरक्षा कर लगाएको थियो। यस्तो कर उठाउने जिम्मा आन्तरिक राजस्व विभागअन्तर्गतका कार्यालयहरूलाई दिइएको थियो। संकलित करको रकम छुट्टै खातामा राखिएको छ।

आन्तरिक राजस्व विभागको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०६६/०६७ मा ८६ हजार रुपैयाँमात्र सामाजिक सुरक्षा करबापत संकलन भएको थियो। आर्थिक वर्ष २०७३/०७४ सम्म आइपुग्दा ४ अर्ब ३३ करोड संकलन भएको देखिन्छ। आर्थिक वर्ष २०७४/०७५ को अन्त्यमा उक्त रकम ५ अर्ब ३३ करोड पुगिसकेको छ। आर्थिक वर्ष २०७५/०७६ को अन्त्यमा सामाजिक सुरक्षा कोषमा ६ अर्ब ५ करोड रुपैयाँ संकलन भएको छ। यस रकममा ब्याज तथा अन्य प्रतिफल समावेश गरिएको छैन।

राज्यको ढुकुटीमा आमजनताको पारिश्रमिक आयको करयोग्य आयबाट १ प्रतिशतका दरले संकलन गरिएको ६ अर्ब ५ करोड रुपैयाँ विनाप्रयोग राखिएको छ। यसबीचमा अर्थ मन्त्रालयले फरक-फरक नेतृत्व पाइसकेको छ। तर, सामाजिक सुरक्षा कोषमा जम्मा भएको रकम खर्च हुन सकेको छैन। यो व्यवस्था आर्थिक वर्ष २०७५/०७६ सम्म निर्वाद रूपले सञ्चालनमा रहयो। आर्थिक वर्ष २०७६/०७७ को सुरूबाट अन्योल भयो।

२०७६ साउनबाट लागू गरिएको सामाजिक सुरक्षा कोषले यस व्यवस्थालाई अलमलमा पारिदियो। आर्थिक वर्ष २०७६/०७७ देखि सुरू भएको सामाजिक सुरक्षा कोषमा दर्ता नभएका प्राकृतिक व्यक्तिहरूको हकमा करयोग्य आयको पहिलो ४ लाखसम्ममा १ प्रतिशतको दरले सामाजिक सुरक्षा कर लगाउने पुरानै व्यवस्थाबमोजिम असुल गरी छुट्टै खातामा राखिएको छ। तर, सामाजिक सुरक्षा कोषमा दर्ता भएका प्राकृतिक व्यक्तिहरूको हकमा सामाजिक सुरक्षा करको १ प्रतिशतसहित अधारभूत तलबको ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा जम्मा गर्ने व्यवस्था छ। सरकारसँग यस्ता अन्य कोष पनि छन्, जसमा वर्षौंदेखि जम्मा भएको रकम खर्च हुन नसकेर थन्किएको छ। तर, हाम्रो सरकार कोरोना संक्रमण नियन्त्रण र यसले आर्थिक तथा सामाजिक क्षेत्रमा पारेको असर न्यूनीकरणका लागि दातृ निकायहरूबाट ऋण लिन अग्रसर देखिएको छ। कोरोना भाइरसबाट प्रभावित क्षेत्रलाई राहतका लागि सरकारले स्रोत जुटाउन अन्तराष्ट्रिय मुद्राकोषबाट निर्ब्याजी ऋण १३ अर्ब ९ करोड रुपैयाँ, विश्व बैंकबाट आपत्कालीन स्वास्थ्य क्षेत्र सहयोग कार्यक्रमअन्तर्गत ३ अर्ब ४८ करोड रुपैयाँको सहुलियतपूर्ण ऋण तथा एशियाली विकास बैंकले घोषणा गरेको ६ अर्ब सहयोग गरी २२ अर्ब ५७ करोड रुपैयाँ ऋण सहयोग स्वीकार गरेको छ।

कोरोना रोकथाम तथा न्यूनीकरणका लागि स्वास्थ्य सामग्री खरीदमा ठूलो अनियमितता भएका समाचार आएका छन्। व्यवसायीले दिएको दरभन्दा ४०-४५ गुणासम्म महँगोमा स्वास्थ्य सामग्री खरीद भएका रहस्य बाहिरिएका छन्। महँगो दरमा कमसल सामग्री ल्याइएको कुरा बाहिर आएपछि सम्झौता रद्द गरेर खरीदको जिम्मा नेपाली सेनालाई दिइएको छ।

नेपाली जनताको रगतपसिनाको कमाइमा सरकारले विभिन्न किसिमका प्रत्यक्ष तथा अप्रत्यक्ष कर लगाई राज्यको ढुकुटी निर्माण गर्छ। राज्यको ढुकुटीमा रहेको रकमको दुरुपयोग बढिरहेको छ। अहिले महामारीको बेलामा समेत स्वास्थ्य सामग्री खरीदजस्तो प्रक्रियामा पनि भ्रष्टाचार पूर्णरूपमा अनैतिक तथा अमानवीय कार्य हो।

आफूसँग रहेको स्रोत खर्च नगरी सरकारले किन वैदेशिक ऋण तथा सहायतालाई प्राथमिकतामा राखेको होला ? अहिले नेपालको प्रतिव्यक्ति आय १०३४ अमेरिकी डलर छ। कुल गार्हस्थ उत्पादनमा ३०.१९ प्रतिशत वैदेशिक ऋण रहेको अवस्था छ। प्रत्येक अर्थिक वर्षको वार्षिक बजेटमा वैदेशिक ऋण तथा सहायताबाट आर्थिक स्रोत जुटाउने काम हुँदै आएको छ। त्यसमा पनि कोरोना रोकथामको नाममा २२ अर्ब ५७ करोडको ऋण थपिने भएको छ। जुन नेपालको अहिलेको जनसंख्यामा भाग लगाउँदा प्रतिव्यक्ति ७३३ रुपैयाँ हुन आउँछ।

सरकारले एकातिर करमाथि कर थप्दै गएको छ भने अर्कोतिर वैदेशिक ऋण पनि थपिँदै छ। यसले गर्दा नेपाली जनता ऋणको भारीले थिचिँदै छन्। अहिले प्रत्येक नेपालीको टाउकोमा ३४ हजार रुपैयाँ ऋणको भारी छ। तर, चालू आर्थिक वर्षको पहिलो अर्धवार्षिक प्रगति विवरण हेर्ने हो भने पूँजीगततर्फ १५.४० प्रतिशत र चालू खर्चतर्फ ३२.४० प्रतिशत मात्र बजेट खर्च भएको छ। यस किसिमको कामले कोरोना महामारी नियन्त्रण, गुणस्तरीय शिक्षा, स्वास्थ्यलगायत अन्य विकास निर्माणका कार्यहरू कसरी अघि बढ्छन् ? तसर्थ, सरकारले कोरोना संक्रमणले आर्थिक र सामाजिक क्षेत्रमा पारेको असर न्यूनीकरणका लागि बाह्य ऋणलाई होइन, खर्च हुन नसकेका कोषहरूलाई उपयोग गर्नुपर्छ।

# २२ हजार स्वास्थ्यकर्मी कोरोबाट संक्रमित


**जेनेभा, एजेन्सी**–कोरोनाभाइरस (कोभिड-१९) को संक्रमणका कारण बढी प्रभावित विश्वका विभिन्न ५२ मुलुकमा २२ हजार स्वास्थ्यकर्मी संक्रमित भएका विश्व स्वास्थ्य संगठनले आइतबार जानकारी गराएको छ ।

डब्लुएचओको दैनिक रिपोर्टअनुसार कोभिड-१९ का कारण २२ हजार ७३ जना स्वास्थ्यकर्मी सङ्क्रमित भएका छन् । गत बुधबारसम्मको प्रतिवेदनबारे जानकारी दिँदै अधिकारीले भनेका छन्, 'सङ्क्रमित स्वास्थ्यकर्मीको तथ्याङ्कलाई व्यवस्थित गर्न नसकिएको तर डब्लुएचओले प्राप्त गरेको तथ्याङ्कमा २२ हजार ७३ जना स्वास्थ्यकर्मी सङ्क्रमित भएको पाइएको छ ।'

प्रारम्भिक तथ्याङ्कले अधिकांश स्वास्थ्यकर्मीलाई कोरोनाभाइरस संक्रमणविरामीलाई उपचार सेवा दिने क्रममा भएको देखाएको छ । तर कतिपय स्वास्थ्यकर्मी आफ्नै समुदायमा फैलिएको संक्रमणका कारण विरामी परेका जाइएकाको छ । उनीहरूमा देखिएको संक्रमणप्राय सङ्क्रमित भनेर उपचारका लागि लगिएका विरामीसँगबाट भन्दा पनि विरामीका आफन्तजनबाट सरेको पाइएको छ । सङ्क्रमित विरामीसँग चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीले अपनाउनु पर्ने सावधानीका बावजुद् पनि उनीहरू सङ्क्रमित भएका तथ्यहरू भेटिएको डब्लुएचओले जनाएको छ ।

अग्रपङ्तीमा रहेर सङ्क्रमितको उपचार गर्ने चिकित्सक, स्वास्थ्यकर्मी तथा सरसफाईमा सम्लग्न रहने स्वास्थ्य संस्थाका कामदारले मास्क, चस्मा, पञ्जा तथा गाउनजस्ता व्यक्तिगत सुरक्षा सामग्रीको सही प्रयोग गरी संक्रम० ाबाट आफु र अरूलाई बचाउन प्रर्याप्त सावधानी अपनाउनुपर्नेमा पनि विश्व स्वास्थ्य संगठनले जोड दिएको छ । स्वास्थ्यकर्मीबाट पनि संक्रमण फैलिएका बताउँदै संगठनले सही पद्धतिमार्फत् काम गर्न उनीहरूलाई आग्रह गरेको छ ।

# अमेरिकामा मृत्यु हुनेको संख्या बढी




**सिकागो, एजेन्सी**-विश्वभरी महामारीको रुपमा फैलिएको कोरोना भाइरसबाट मृत्यु हुनेको संख्या सबैभन्दा धेरै अमेरिकामा भएको छ ।

यसअघि सबैभन्दा धेरै नागरिक गुमाएको इटलीलाई समेत उछिनेर महाशक्ति राष्ट्र अमेरिका कोरोना भाइरसबाट पीडित हुनेमा पनि सवाधिक अगाडि परेको छ । शनिबार सार्वजनिक भएको तथ्यांक अनुसार अमेरिकामा २० हजार भन्दा बढीको मृत्यु भएको छ भने सबैभन्दा धेरै मानिसको मृत्यु हुने सहरमा न्युयोर्क परेको छ ।

जोन्स हप्किन्स विश्वविद्यालयले सार्वजनिक गरेको तथ्याङ्क अनुसार अमेरिकामा २० हजार ५८० जनाको मृत्यु भएको छ । अमेरिकामा संक्रमितको संख्या पनि ठूलो छ । अहिलेसम्म संक्रमितको संख्या अमेरिकामा पाँच लाख ५३ हजार ११५ पुगेको छ । तीमध्ये झण्डै दुई लाख जना न्युयोर्कका रहेका छन् । तर पछिल्लो समय भने न्युयोर्कमा संक्रमितको संख्यामा कमी आएको बताइएको छ । संक्रमित हुने र मृत्यु हुनेको संख्या बढ्दै गएपछि देशका धेरै राज्यहरुमा अहिले संकटकालको घोषणा गरिएको छ । लकडाउन नलगाउने घोषणा गर्दै आएका राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक दूरी कायम गर्ने सुझावहरू हाललाई अप्रिल ३० सम्म तोक्नु भएको छ ।

ट्रम्पले अवस्था सामान्यीकरण गर्नका लागि एक साताभित्रै व्यापार र स्वास्थ्य सम्बन्धी सूची सहितको आफूले गर्नुपर्ने अहिलेसम्मकै ठूलो निर्णय लिने बताउनु भएको छ ।

कोरोनाका कारण अहिलेसम्म अमेरिकापछि सबैभन्दा धेरै मृत्यु हुनेको संख्या इटलीमा रहेको छ । पछिल्लो विवरण अनुसार इटलीमा १९ हजार ४६८ जनाको मृत्यु भएको छ ।

संक्रमितको संख्यामा भने स्पेन दोस्रो अग्रस्थानमा रहेको छ । इटलीमा संक्रमितको संख्या एक लाख ५२ हजार २७१ रहेको बेलामा स्पेनमा भने एक लाख ६३ हजार २७ रहेको छ । स्पेनमा मृत्यु हुनेको संख्या १६ हजार ६०६ रहेकाले कोरोनाका कारण मानवीय क्षती धेरै बेहोर्नेमा स्पेन तेस्रोमा रहेको छ । धेरै नागरिक संक्रमित भएका देशहरु मध्येमा फ्रान्स चौथोमा, जर्मनी पाँचौमा, चीन छैठौंमा, बेलायत सातौमा, इरान आठौमा, टर्की नवौंमा र बेल्जीयम दशौंमा रहेको छ ।

पछिल्लो विवरण अनुसार संक्रमितको संख्या फ्रान्समा एक लाख २९ हजार ६५४, जर्मनीमा एक लाख २५ हजार ४५२, चीनमा ८२ हजार ५२, बेलायतमा ७८ हजार ९९१, इरानमा ७० हजार २९, टर्कीमा ५२ हजार १६७ र बेल्जीयममा २८ हजार १८ रहेको छ ।

त्यसैगरी मृत्यु हुनेको संख्या फ्रान्समा १३ हजार ८३२, जर्मनमा दुई हजार ८७१, चीनमा तीन हजार ३३९, बेलायतमा नौ हजार ८७५, इरानमा चार हजार ३५७, टर्कीमा एक हजार १०१ र बेल्जीयममा तीन हजार ३४६ रहेको विवरण सार्वजनिक भएको छ ।यो समाचार लेख्दासम्म विश्वभरी १७ लाख ८१ हजार ४६९ जना संक्रमित भएका छन् भने दश लाख आठ हजार ८८३ जनाको मृत्यु भएको छ । कोरोना भाइरसको संक्रमण अहिलेसम्म विश्वका २१० देशमा पुगेको छ ।

# इक्वेडरको राजदूतावासमा असान्जका २ सन्तानको जन्म



**लन्डन, एजेन्सी**-बेलायतको राजधानी लन्डनस्थित इक्वेडरको राजदूतावासमा आश्रय लिएकै अवस्थामा विकिलिक्सका संस्थापक जुलियन असान्जका दुई बच्चा जन्मिएको आइतबार बेलायतको एक अखबारले जनाएको छ । अमेरिकी गोप्य सूचनाहरु जासुसी गरेको आरोपमा हाल लन्डनको जेलमा रहेका असान्जकी वकील स्टेला मोरिसबाट जन्मिएका ती बच्चाहरु अहिले दुई र एक वर्षका छन् ।

बेलायतको अखबार मेलले आइतबार असान्जसँगै दुई बच्चाको फोटो सहित मोरिसको अन्तर्वार्ता प्रकाशन गरेको छ । मोरिसले आफूहरुले चाँडै विवाह गर्ने योजना बनाएको बताएका छन् ।

असान्ज अहिले बेलायतको बेल्मार्शस्थित उच्च सुरक्षा व्यवस्था सहितको जेलमा बन्दी छन् । जासुसी गरेको आरोपमा संयुक्तराज्य अमेरिकाले बेलायत समक्ष असान्जलाई सुपुर्दगी गर्न माग गरिरहेको छ । तर अदालती सुनुवाईको प्रक्रिया जारी रहेकाले सुपुर्दगीको विषय टुंगो लागिसकेको छैन ।

असान्जकी वकिल मोरिसले असान्जको जीवन जोखिमपूर्ण अवस्थामा रहेको बताउँदै कोरोनाभाइरसका कारण बेल्मार्श जेल पनि सुरक्षित नरहेकाले तत्काल रिहा गर्न आग्रह गरेकी छिन् ।

बेलायत सरकारले कोरोनाभाइरसको संक्रमणको खतरा रहेको बताउँदै केही बन्दीलाई अस्थायी रुपमा रिहा गर्ने योजना बनाइरहेको छ । तर असान्जलाई राखिएको बेल्मार्शमा उच्च सुरक्षा प्रबन्ध रहेको भन्दै बेलायत सरकारले असान्जलाई छाड्न गरिएको अनुरोधलाई अस्वीकार गरेको मोरिसले बताइन् ।

अफगानिस्तान र इराकमा अमेरिकी सैनिक आक्रमणका गोप्य सूचना एवं विद्युतीय फाइलहरु सन् २०१० मा विकिलिक्सबाट सार्वजनिक गरिएपछि असान्जमाथि अमेरिकी प्रतिजासुसी ऐन बमोजिम मुद्दा चलाइएको छ । अमेरिकाले पक्राउ गर्ने र आफ्नो जीवन नै जोखिममा रहेको भन्दै उहाँले सन् २०१२ मा लन्डनस्थित इक्वेडरको राजदूतावासमा आश्रय लिएका थिए, तर गत वर्ष उनलाई लन्डन प्रहरीले पक्राउ गरेको थियो ।

कानुनी सल्लाह एवं परामर्शका निम्ति असान्जलाई भेट्न मोरिस पटकपटक उक्त दूतावास गएको मेलले प्रकाशन गरेको छ ।

## बेलायती प्रधानमन्त्री अस्पतालबाट फिर्ता



**लण्डन, एजेन्सी**– बेलायतका प्रधानमन्त्री बोरिस जोनसन उपचारपछि अस्पतालबाट प्रधानमन्त्रीको सरकारी निवासमा फिर्ता भएका छन् । उनी अस्पतालबाट प्रधानमन्त्रीको कार्यालय (डाउनिङ स्ट्रिट) का प्रवक्ताले बताएका छन् ।

करिब दुई सात पहिले कोरोना भाइरस सङ्क्रमणको पुष्टि भएपछि जोनसनले सरकारी निवासमा नै एकान्तमा बसेर उपचार गराएका थिए । तर उनका चिकित्सकहरूको सल्लाहमा करिब एक साता पहिले उनलाई अस्पतालमा भर्ना गरिएको थियो । उनलाई तीन दिनसम्म सघन उपचार कक्षमा राखिएको थियो । 'प्रधानमन्त्री जोनसन अस्पतालबाट लण्डनबाहिर रहेको प्रधानमन्त्रीको सरकारी निवास 'चेकर्स' मा फर्किनुभएको छ जहाँ उहाँले बाँकी केही दिन आराम गरी पूर्ण निको हुनुहुनेछ ।' 'उहाँको उपचारमा सम्लग्न चिकित्सकको सल्लाहबमोजिम प्रधानमन्त्री जोनसन तत्काल (केही दिन) काममा फर्किनुहुने छैन ।'

## कोरोनाको आयुर्वेदिक उपचार: वैज्ञानिक परीक्षण गर्न भारतमा कार्यदल

**गोवा, एजेन्सी**–भारतमा कोरोनाभाइरस विरुद्धको आयुर्वेदिक उपचारलाई वैज्ञानिक रुपमा प्रमाणित गर्न कार्यदल गठन गरिएको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीले नै कार्यदल गठन गरेर आयुर्वेदिक उपचार पद्धतिबाट कोरोनाभाइरसको उपचार हुन्छ की हुँदैन परीक्षण गर्न र वैज्ञानिक रुपमा पुष्टि गर्न निर्देशन दिएका छन् ।

आइसीएमआरजस्ता निकायहरुसँग समन्वय गरेर यसका बारेमा अध्ययन गर्न प्रधानमन्त्री मोदीले लगाएको आयुर्वेद र योगसम्बन्धी संघीय राज्यमन्त्री श्रीपद वाई नाइकले जानकारी दिए ।

एएनआईसँगको कुराकानीका क्रममा राज्यमन्त्री नाइकले भने, कोरोनाभाइरसको आयुर्वेदिक तथा परम्परागत उपचारका बारेमा वैज्ञानिक रुपमा परीक्षण तथा पुष्टि गर्न प्रधानमन्त्री मोदीले नै एउटा कार्यदल बनाएर परिचालन गरेका छन् ।


आयुर्वेदिक उपचार पद्धतिका बारेमा आफूहरुसँग झण्डै दुई हजार प्रस्तावहरु आएको र ती सबैको अध्ययन र परीक्षण गरिने जानकारी उनले दिए ।

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट
आफु बचौं र अरूलाई पनि बचाऔं ।
सरकारद्वारा लागु गरिएको लकडाउनको पूर्ण पालना गरौं ।

नव वर्ष २०७७ सालको सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पुर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

रिता थोकर
अध्यक्ष
तथा
सुमार्गी बचत तथा ऋण सहकारी संस्था लि.
परिवार
बसुन्धारा-३, काठमाडौं, फोन: ४३६२१५३, ४३६२१९१

## जो बाइडेन अलास्कामा पनि विजयी




**वासिङ्टन डिसी, एजेन्सी**-अमेरिकी राष्ट्रपतिका लागि आगामी नोभेम्बरमा हुने चुनावमा डेमोक्याटिक पार्टीका तर्फबाट उम्मेदवार चयन गर्न अलास्का राज्यमा भएको मतदानमा जो बाइडेन विजयी भएका छन् । कोरोनाभाइरस महामारीको कारण हुलाक मार्फत गरिएको मतदानको नतिजा शनिबार अबेर राति घोषणा गरिएको थियो ।

गत हप्ता बाइडेनका प्रतिद्वन्द्वी बर्नी स्यान्डर्सले प्रतिस्पर्धा त्याग्ने घोषणा गर्नुअघि नै उक्त मतदान भएको थियो । यसका कारण स्यान्डर्सको पक्षमा पनि मतदान भएको छ । मतपरिणाम अनुसार बाइडेनले ५५.३ प्रतिशत तथा स्यान्डर्सले ४४.७ प्रतिशत मत प्राप्त गरेका छन् । यसबाट बाइडेनले राज्यको कूल प्रतिनिधि (डेलिगेट) १५ मध्ये ९ जना तथा स्यान्डर्सले ६ जना प्रतिनिधि प्राप्त गरेको डेमोक्याट्रिक पार्टीले जनाएको छ । धेरै अमेरिकीहरू जस्तै बाइडेन पनि कोरोनाभाइरस महामारीका कारण घरभित्रै बसेका छन् । घरबाटै प्रेस विज्ञप्ति जारी गर्दै बाइडेनले स्यान्डर्सका समर्थकहरूलाई आफ्नो अभियानमा सामेल हुन आग्रह गरेका छन् ।

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट बच्न
घरमै सुरक्षित बसौं, लकडाउनको पूर्ण पालना गरौं,
आफु नआत्तिऔं र अरूलाई पनि सान्त्वना देऔं

नव वर्ष २०७७ सालको
Happy New Year 2077
सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पुर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्रज्ञान न्यौपाने
प्रबन्ध निर्देशक
तथा
बाबा ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.
परिवार
प्रगति टोल, धुम्बाराही-४, काठमाडौं, फोन : ४४४००९३

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट
आफु बचौं र अरूलाई पनि बचाऔं ।
सरकारद्वारा लागु गरिएको लकडाउनको पूर्ण पालना गरौं ।

नव वर्ष २०७७ सालको
Happy New Year 2077
सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पुर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

याम बहादुर बुढाथोकी
प्रबन्ध निर्देशक
तथा
लाईफ लाईन ओभरसिज प्रा. लि.
परिवार
गोंगबु, काठमाडौं, नेपाल, फोन नं. ४३६४८६५

# बक्स अफिस समाचार

## 'कालो चिया'ले रीमा आलोचित

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० चैत

कोरोना भाइरसको संक्रमणबाट बच्न सरकारले तीन हप्ता लामो 'लकडाउन' घोषणा गरेपछि विरलै भान्सा छिर्ने नेपाली सेलिब्रेटीहरु अहिले परिवारका सदस्य वा युट्युबको सहायताले नजानेका खानेकुरा पकाउन सिकिरहेका छन् । उनीहरुले घरमा आफूले पकाएको खानेकुराका परिकारहरुको तस्विर तथा भिडियो क्लिप्सहरु सामाजिक सञ्जालमा पनि साझेदार गर्ने गरेका छन् ।

लकडाउनको समय सदुपयोग गर्दै विभिन्न सेलिब्रेटीहरुले नजानेका खानेकुराका परिकार पकाउन सिक्दा अभिनेत्री रीमा विश्वकर्माले भने कालो चिया उमाल्न जानेकी छन् । केही दिनअघि फेसबुक लाइभमा उनले आफ्ना प्रशंसकको एक जिज्ञासामा आफूले बल्ल कालो चिया पकाउन सिकेकोमा खुसी व्यक्त गरेकी थिइन् । जसकारण अहिले उनी ट्रोलको शिकार बनेकी छन् ।

काम व्यस्तताले भान्सा छिर्ने समय नहुने बताउँदै उनले भनेकी थिइन्, 'लकडाउनको समयमा कालो चिया बनाउन सिकेँ । मसँग भान्साको काम गर्ने समय हुँदैन । मेरो कामको प्रकृति नै फरक छ । अब बल्ल पकाउन सिक्दैछु ।' उनको यो कुरालाई लिएर अहिले सामाजिक सञ्जालमा विभिन्न खाले टिका टिप्पणी भइरहेका छन् । कतिले उनलाई सहरिया हुनुको परिणाम भनेका छन् ।

कालो चिया बनाउन सिकेको कुरालाई सामाजिक सञ्जाल प्रयोगकर्ताले मजाकको विषय बनाएपछि अभिनेत्री विश्वकर्माले शनिवार फेसबुकमा 'मैले कालो चिया बनाउन सिकेको हो, कालो बम होइन' भन्दै आक्रोशपूर्ण स्टाटस लेखेकी छन् । उनले कालो चिया बनाउन आएको कुरालाई बम नबनाउन पनि आग्रह गरेकी छन् । उनको यो कुरामा विभिन्न अभिनेत्रीहरुले समर्थन जनाएका छन् ।

उनको स्टाटसमा केकी अधिकारीले 'नाइस' भनेर कमेन्ट गरेकी छन् भने ऋचा शर्माले 'सिक्नु नै ठूलो कुरा हो' भन्दै रीमालाई हौसला दिएकी छन् । त्यस्तै, सञ्चिता लुईटेलले भान्साको कुरा सिक्नु ठूलो कुरा रहेको बताएकी छन् । 'छ माया छपक्कै' निर्देशक दीपेन्द्र लामाले भने 'उहिलेको जमाना भएको भए कालो चिया बनाउन नसक्नेको बिहे नै हुँदैनथ्यो' भन्दै व्यंग्य गरेका छन् ।

अभिनेत्री रीमा विश्वकर्मा सम्पन्न मुलुकमा जन्मे-हुर्केकी पनि होइनन् । नेपालको बर्दियाको गुलरिया उनको जन्म भएको थियो । बर्दिया जिल्ला नेपालको पश्चिम क्षेत्रको अन्न भण्डारको रूपमा पनि चिनिन्छ । अर्थात, यहाँ बसोबास गर्ने मानिसहरुको प्रमुख पेशा नै कृषि हो । यो क्षेत्रमा जन्मिएको व्यक्तिले कालो चिया समेत बनाउन आउँदैन र बल्ल सिकेँ भनेर बोल्नुलाई आममानिसले कसरी पत्याउलान ?



## बेसहारा जनावरको सहारा बन्दै वर्षा

**अभिनेत्री वर्षा राउतले लकडाउनपछि भोकै रहेका जनावर तथा पशुपंक्षीलाई आफ्नै हातले खाना खुवाएकी छन् ।**



**काठमाडौं/मस-** कोरोना भाइरस (कोभिड १९) संक्रमणको जोखिमलाई मध्यनजर गर्दै सरकारले लागू गरेको लकडाउनका कारण अति विपन्न परिवारहरुलाई हात मुख जोड्न निकै धौ धौ परेको छ । मानिसहरुसँगै सडकमा बस्ने जनावरहरु कुकुर, बाँदर तथा चराचुरुङ्गीहरु पनि भोकै बस्न बाध्य छन् ।

कोरोना भाइरसको संक्रमण फैलिन नदिन सरकारले तीन हप्ता लामो लकडाउन घोषणा गरेको छ । तेस्रो पटकका लागि बैशाख ३ गतेसम्म लम्ब्याइएको यो अवधि पुनः थप गर्ने तयारीमा सरकार छ । यो समयमा अत्यावश्यक कामबाहेक घरभन्दा बाहिर निस्कन नपाइने हुँदा मानिसहरुको जनजीवन प्रभावित भएको छ ।

लकडाउनपछि सार्वजनिक रूपमा रहेका पशुपंक्षी, चराचुरुङ्गीलगायत आहाराको अभावमा मर्ने अवस्थामा पुगेका छन् । यीनीहरुले सामान्य समयमा घुम्न आएका मानिसहरुले दिएको खान्थे । तर, लकडाउनपछि भोकै छन् । यो अवस्थामा विभिन्न व्यक्तिहरुले पशुपंक्षी तथा चराचुरुङ्गीलाई आहाराको व्यवस्था गरिरहेका छन् । यसतर्फ नेपाली सेलिब्रेटीहरु पनि यतिबेला लागिपरेका छन् ।

अभिनेत्री वर्षा राउतले लकडाउनपछि भोकै रहेका जनावर तथा पशुपंक्षीलाई आफ्नै हातले खाना खुवाएकी छन् । आइतबार बिहान उनले काठमाडौंको टेकु हुँदै इन्द्रायणी, शोभाभगवती, बिजेश्वरी, स्वयम्भू, बुढानिलकण्ठ, नक्साल भगवती, कमलपोखरीलगायतका स्थानमा पुगेर बाँदर, कुकुर, गाई, चराचुरुंगी र माछालाई बिस्कुट, चामल, मकै, गहुँ, केरा, पानीलगायतका आहार दिएकी हुन् ।

केही दिनअघि अभिनेत्री वर्षा सिवाकोटीले पनि सडकमा भोकै रहेका कुकुरहरुलाई खाना खुवाएकी थिइन् भने अभिनेत्री प्रियंका कार्की र अभिनेता आयुष्मान देशराज जोशीले भोकै रहेको जनावरलाई खानाको व्यवस्थाका लागि एक लाख रुपैयाँ सहयोग गरेका थिए । अभिनेत्री वर्षा राउतले केही दिनअघि फिल्मका प्राविधिकहरुलाई ५१ हजार नगद पनि सहयोग गरेकी थिइन् ।

## शिल्पाको भोजपुरी फिल्ममा डेब्यू



**काठमाडौं/मस-** नेपालमा निर्माण र प्रदर्शन भइसकेको फिल्म 'जय शम्भु' नाममा भोजपुरीमा पनि फिल्म निर्माण भएको छ । सोनु खत्रीको निर्माण र निर्देशन रहेको फिल्मबाट नेपाली अभिनेत्री शिल्पा पोखरेलले भोजपुरीमा डेब्यू गरेकी छन् । शनिबार सार्वजनिक भएको फिल्मको एक्सन प्याक्ड टिजरमा उनलाई पनि स्थान दिइएको छ । यो फिल्मको अधिकांश छायांकन नेपालमा भएको हो ।

फिल्म 'जय शम्भु' मा अभिनेत्री शिल्पा पोखरेलले भोजपुरी अभिनेता प्रदीप पाण्डे (चिन्टु) सँग रोमान्स गरेकी छन् । यस वर्षको साउनमा आफूविरुद्ध काठमाडौं जिल्ला अदालतमा बहुविवाहको मुद्दा चलिरहेको समयमा शिल्पाले यो फिल्मको छायांकन गरिरहेकी थिइन् । उनले आफ्नो डेब्यू भोजपुरी फिल्मलाई लिएर उत्साहित रहेको फेसबुकमा टिजर साझेदार गर्दै बताएका छन् ।

फिल्ममा ध्रुव कोइराला, कालु रानालगायतका नेपाली कलाकारहरुको पनि अभिनय छ । फिल्मलाई नेपाली छायाँकार हरि लामाले खिचेका हुन् । त्यस्तै, 'जय शम्भु' मा नेपाली फिल्मका द्वन्द्व निर्देशक श्री श्रेष्ठको एक्सन, समिर मियाको भिएफएक्स, ओम सुनारको ब्याकग्राउण्ड र रमेश बोगटीको कथा छ । टिजर सार्वजनिक भए पनि फिल्मको प्रदर्शन मिति भने घोषणा गरिएको छैन ।

## 'वान सिनेमाज'को टिकटक प्रतियोगिता




**काठमाडौं/मस-** कोरोना भाइरसको संक्रमण रोकथामका लागि सरकारले तीन हप्ता लामो 'लकडाउन' को घोषणा गरेपछि काठमाडौंको बानेश्वरमा रहेको स्तरीय मल्टीप्लेक्स हल 'वान सिनेमाज' ले टिकटक प्रतियोगिताको घोषणा गरेको छ । टिकटकको क्रेज र 'लकडाउन' को समयमा घरभित्रै बसेर दिक्दार भएका दर्शकलाई लक्षित गर्दै 'वान सिनेमाज' ले टिकटक प्रतियोगिता आयोजना गरेको हो ।

यस टिकटक प्रतियोगितामा भाग लिन इच्छुकले कुनै पनि फिल्मको एउटा संवादमा भिडियो बनाउनु पर्नेछ र उक्त भिडियोलाई 'वान सिनेमाज' को फेसबुक पेजमा गरिएको पोष्टमा गएर कमेन्ट गर्नुपर्नेछ । कमेन्ट गर्दा ह्यासट्यागमा ३यलभअष्लभ्कबक ३तजभचभष्कबमषाभचभलअभ ३यलभअष्लभ्कबकतष्पतयपअजबर्बाभिलनभ लेख्नुपर्ने 'वान सिनेमाज' को फेसबुक पेजमा उल्लेख छ ।

यही अप्रिलको २० सम्ममा भिडियो पोष्ट गरिसक्नु पर्ने हल सञ्चालक प्रज्वल शम्शेर राणाले जानकारी दिए । पोष्ट गरिएको भिडियोमध्ये सबैभन्दा धेरै लाइक्स र प्रतिक्रिया पाएको भिडियालाई पुरस्कार प्रदान गरिने बताइएको छ । विजेताका लागि लकडाउनपछि एक शो बुक गरिने र त्यसमा टिकटक प्रतियोगिताका विजेता र उसको परिवारले फिल्म हेर्ने मौका पाउनेछन् ।

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट आफु बचौं र अरूलाई पनि बचाऔं ।
सरकारद्वारा लागु गरिएको लकडाउनको पूर्ण पालना गरौं ।

नव वर्ष २०७७ सालको सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पुर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्रेम बहादुर कटुवाल
अध्यक्ष
तथा
लोकदर्शन बचत तथा ऋण सहकारी संस्था लि.
परिवार
नयाँ बानेश्वर, काठमाडौं, फोन नं. ४४८४३६०

जहाँ रहे पनि, जहाँ बसे पनि सुरक्षि रहौं, सुरक्षित बसौं
सबै मिलेर कोरोना संक्रमण विरूद्धको लडाईमा विज प्राप्त गरौं ।

नव वर्ष २०७७ सालको
सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पुर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

चोलाकान्त पंगेनी
सभापति
नेपाली कांग्रेस जन सम्पर्क समिति, मलेसिया
एवं
पंगेनी ह्युमन रिसोर्स प्रा. लि.
परिवार
गोंगबु-५, सामाखुसी, काठमाडौं, फोन: ४३८६६००, ४३८६२०४

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट बच्न घरमै सुरक्षित बसौं, लकडाउनको पूर्ण पालना गरौं, आफु नआत्तिऔं र अरूलाई पनि सान्त्वना देऔं

नव वर्ष २०७७ सालको
Happy New Year 2077
सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पुर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्रेमबहादुर कटुवाल
अध्यक्ष
तथा
ब्लु स्काई इण्टरनेशनल प्रा. लि.
परिवार
महाराजगञ्ज चक्रपथ, काठमाडौं, फोन: ४६५०७९७

# खेलकुदमा स्वर्णवर्ष २०७६



**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, ३० चैत

वर्ष २०७६ खेलकुदका हिसावले स्वर्ण वर्षको रुपमा दर्ज भएको छ । गत वैशाख ११ गते आठौं राष्ट्रिय खेलकुद प्रतियोगिता सम्पन्न भएसँगै नेपालमा तय भएको दशिक्षण एशियाली खेलकुद प्रतियोगिताको खेलाडी छनोटको प्रक्रिया पुरा भएको थियो । नेपालले सफलता पूर्वक मंसिरमा १३ औं दक्षिण एशियाली खेलकुद भव्यताका साथ सम्पन्न गऱ्यो भने उपलब्धिका हिसाबले पदक तालिकामा पनि यसअघि भन्दा निकै अब्बल सावित गऱ्यो । २०७६लाई फर्केर हेर्दा नेपाली खेलकुदमा काया पलट नै भएको राष्ट्रिय खेलकुद परिषद्का सदस्यस सचिव रमेश सिलवाल बताउँछन् । यस वर्षको खेलकुद गतिविधिले आगामी बर्षहरुका लागि पनि मार्ग निर्देश गरेको छ । भलिबल, फुटबल, क्रिकेट र मार्सल आर्टका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरु नियमितरुपमा हुँदा वर्षभरी नै नेपाली खेलाडीहरु ब्यस्त बने । वर्ष २०७६ को सबैभन्दा ठूलो उपलब्धि भनेको १३ औं साग नै हो, आयोजना र नतिजा दुवै हिसावमा । नेपालबाट सुरु भएको साग खेलकुद तेस्रो पटक नेपालमा मंसिर १५ देखि २४ सम्म आयोजना भयो । नेपालले आयोजना गर्नसक्ने सबैभन्दा ठूलो प्रतियोगिता पनि हो यो । दक्षिण एसियाका ७ मुलुकका करिव १० हजार खेलकर्मीलाई १० दिनको प्रतियोगितामा नेपालले आतिथ्य गरेको थियो । कुनै ब्यबधानबिना काठमाडौं, पोखरा र जनकपुरमा खेलहरु आयोजना सम्भव भयो ।

नतिजाका हिसावमा पनि नेपालले अहिलेसम्मकै सर्वाधिक सफलता हासिल गरेको छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप)को लक्ष्यअनुसार नै नेपालले ५१ स्वर्ण पदक जित्यो । ६० रजत र ९५ कांस्यसहित २ सय ६ पदक घरेलु खेलाडीले राखे । साग अन्तर्गत नेपालले फुटबलले उपाधि रक्षा गर्न सक्यो, गौरिका सिंहले पौडीमा ४ स्वर्ण जितेर कीर्तिमान बनाइन्, सन्तोषी श्रेष्ठ एथ्लेटिक्सबाट सागमा स्वर्ण जित्ने पहिलो महिला खेलाडी बनिन् । कुस्तीबाट यस्तै सफलता संगीता धामीको नाममा रह्यो । महिला भलिबल टोलीले ऐतिहासिक रजन जित्यो । तेक्वान्दोबाट १२ र कराँतेबाट १० सहित नेपालको बलियो पक्षको रुपमा रहिको मार्सल आर्ट खेलबाट ३२ स्वर्ण जित्यो ।

यस्तै, खेलकुद ऐन पुरानो भएकाले समयानुकुल परिवर्तनको माग उठेको धेरै भएको थियो खेलकुदको नयाँ बिधेयक संसदको दुवै समितिबाट पारित भएपछि राष्ट्रपति बिद्यादेवी भण्डारीबाट प्रमाणीकरणको तयारीमा छ । खेलकुदको विकासका लागि बनेको बिधेयक २०७५ फागुनमा राष्ट्रिय सभामा दर्ता भएको थियो । राष्ट्रिय सभाले २०७६ साउनमा पारित गरेपछि प्रतिनिधि सभामा पठाइयो । प्रतिनिधिसभाबाट माघमा पारित भएपछि अब प्रमाणीकरणको तयारीमा छ ।

नेपाली खेलकुदको नियमक निकाय राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले यसै वर्ष नयाँ नेतृत्व पायो । केशवकुमार विष्टले ४ वर्षे कार्याकाल पूरा गरेपछि खेलकुद मन्त्रालयले असार २३ गते शिक्षा व्यवशायी रमेशकुमार सिलवाललाई सदस्य सचिवमा नियुक्त गरेको थियो । फ्रेन्चाइज क्रिकेटका मुख्य लगानीकर्तामध्येका एक सिलवाल खेलकुदका जानकार व्यक्तित्व नै हुन् । उनी मदन भण्डारी स्पोर्टस एकेडेमीका संस्थापक पनि हुन् । सागको सफल आयोजनाले धेरै हदसम्म यो पुस्टी गरेको छ ।

यसै वर्षको असोजमा नेपाल ओलम्पिक कमिटीको नेतृत्वमा जीवनराम श्रेष्ठ दोस्रो कार्यकालका लागि निर्वाचित भए । चार वर्ष अगाडि कै समिकरणका रुपमा पुनः उमेशलाल श्रेष्ठलाई भारी मतान्तरले पराजित गरी जीवनरामले चुनाव जिते । जीवनरामले १६ र उमेशलालले ११ मत ल्याए ।

नेपाली क्रिकेटमा राजनीति हावी भएको भन्दै चार वर्ष अघि गरेको निलम्बन आईसीसीबाट शर्तसहित फुकुवा भएको छ । विगतमा जुन नेतृत्वमा आउँदा राखेपले हस्तक्षेप गरेपछि यो परिस्थिति आएको थियो अहिले सबै प्रकिया पुर्याएर निर्वाचन हुँदा उही नेतृत्वनै दोहोरिएको छ । नेतृत्व चयन भएसँगै आईसीसीले नेपालको निलम्बन फुकुवा गरेको छ भने नेपाल क्रिकेट संघ क्यान घरेलु क्रिकेटमा काम गर्न शुरु गरिसकेको छ । यस बीचमा कीर्तिपुर मैदानमा अन्तराष्ट्रिय प्रतियोगिता पनि आयोजना भइसकेको छ ।

यसबीचमा क्रिकेट टिमका कप्तान पारस खड्काले राजीनामा दिए । जुन कुरा क्रिकेट समर्थकले भने त्यति रुचाएका छैनन् । नेपाली क्रिकेटलाई एक दिवसीय मान्यता दिलाउँदा सम्म नेतृत्व गरेका पारसबाट अझैं धेरैले लामो समयसम्म कप्तानको रुपमा देखेका थिए । खेलाडीको रुपमा पारस टिममा छन् भने अहिले नेपाली टिमको नेतृत्व ज्ञानेन्द्र मल्लको काँधमा छ ।

राष्ट्रिय फुटबल टोलीले विश्वकप छनोटको दोस्रो चरणमा आफूभन्दा माथिल्ला स्तरका ठूला टोलीहरुसँग खेल्ने अवसर पायो । विश्वकप तथा एसिया कप छनोटमा समूह बीमा रहेको नेपालले अष्ट्रेलिया, जोर्डन, कुवेतजस्ता ठूला टोलीसँग खेल्ने अवसर पायो । भदौ र असोज महिनामा नेपालले कुवेत, चाइनिज ताइपेइ, अस्ट्रेलिया र जोर्डनसँग उनीहरुकै मैदानमा खेल्यो । चाइनिज ताइपेइ बाहेक अन्यसँगको नतिजा सुखद रहेन । होम खेल अन्तर्गत मंसिरमा कुवेनविरुद्दको खेल दशरथ रंगशालाको पुनर्निर्माण सम्पन्न नभएकाले भुटानमा सारियो । यस खेलमा पनि नेपाल पराजित रह्यो । प्रतियोगिता अन्तर्गत अष्ट्रेलिया, जोर्डन र चाइनिज ताइपेइसँगको होम खेल वर्षको अन्तिमतिर महामारीको रुपमा फैलिरहेको ज्यानमारा कोरोना भाइरसका कारण स्थगित गरिएको छ ।

उमेर समूहको ओलम्पिक टोलीले सागको फाइनलमा भुटानलाई पराजित गरी उपाधि रक्षा गर्न सक्यो । सिनियर टोली नै खेलाइएको महिला टोली भने पुनस् एकपल्ट भारतसँग पराजित हुँदै रजनमा सीमित बन्यो । सहिद स्मारक ए डिभिजन लिगले यस वर्ष नयाँ विजेता पायो । राष्ट्रिय टोलीका अधिकांश खेलाडी समेटेर तयार पारिएको मच्छिन्द्रले ५० लाख रुपैयाँ पुरस्कार पायो ।

राष्ट्रिय खेल भलिबलमा यो वर्ष उल्लेखनीय उपलब्धी रह्यो । नेपालले पहिलो पल्ट एसियाली स्तरको प्रतियोगिता आयोजना गऱ्यो । भदौमा नेपालमा आयोजित एभीसी सिनियर मेन्स सेन्ट्रल जोन भलिबलमा घरेलु टोलीको प्रदर्शन भने लज्जास्पद रह्यो । ६ टोली सम्मिलित प्रतियोगितामा नेपाल पाँचौं भयो । यसले पुरुष भलिबलमा अझै धेरै लगानीको खाँचो औंल्याइएको छ । सागमा पनि पुरुष टोलीले समूह चरण पार गर्न सकेन ।

महिलातर्फ भने यस वर्ष स्वर्णीम समयको रुपमा रह्यो । कात्तिकमा बंगलादेशमा सम्पन्न पहिलो एभीसी सिनियर वुमेन्स सेन्ट्रल जोन भलिबलको उपाधि अरुणा शाही नेतृत्वको नेपाली टोलीले जित्यो । सागमा नेपालले फाइनलसम्मको यात्रा तय गरे पनि फाइनलमा भारतसँग पराजित हुँदै रजत पदक जित्न सफल भयो ।

प्रिन्स दाहालले नेपाली ब्याडमिन्टनको स्तरलाई विश्वसामू चिनाउन गरेको प्रयास सह्रानीय छ । १६ वर्षीय यी किशोर ब्याडमिन्टनको जुनियर विश्व वरियतामा सातौं स्थानमा छन् । प्रिन्सले यस वर्ष आधिकारिक जुनियर सिरिद अन्तर्गतका ९ प्रतियोगिता खेले । भदौमा दुवइ इन्टरनेसनल सिरिजको उपाधि जितेका उनले माघमा नेपालमै भएको प्रधानमन्त्री कप नेपाल जुनियर सिरिजमा उपविजेता बनेका थिए । उनले सागमा टिम स्पर्धा र युगल स्पर्धामा नेपालका लागि कांस्य पदक जिते ।

यसरी वर्ष २०७६ स्वर्णमय बन्दै विदा भएको खेलकुद २०७७ मा अझै माथि पुग्ने विश्वास राखेप सदस्य सचिव सिलवालको भनाई छ ।

# पहिलो चरणको घाँस कटाइ सकियो




**काठमाडौं, मस–** त्रिपुरेश्वरस्थित दशरथ रंगशाला मैदानको घाँस काट्ने कार्यको पहिलो चरण सकिएको छ । अखिल नेपाल फुटबल संघ (एन्फा) का अध्यक्ष कर्मा छिरिङ शेर्पाले सामाजिक संजालबाट घाँस काट्ने कार्य सकिएको जनाएका छन् । कोरोना भाईरसको कारण सरकारले लकडाउन घोषणा गरेपछि रंगाशाला मर्मत र घाँस काट्ने कार्य रोकिएको थियो ।

तर, लामो समय मैदानमा पानी नहाल्दा घाँस मर्ने भएको कारण एन्फाले बुधबारबाट रंगशालाको घाँस काट्ने र मर्मत गर्ने काम सुरु गरेको थियो । रंगाशालाकै कर्मचारीले घाँस काट्ने र पानी हाल्ने काम सुरु गरेका थिए । सहिद स्मारक 'ए' डिभिजन लिगपछि रंगाशालामा कुनै खेलकुद गतिविधि भएको छैन । यस्तै चैतमा तय भएको विश्वकप छनोट अन्तर्गतको नेपालको होम खेल समेत कोरोनाको कारण स्थगित भएको थियो । कोरोनाको कारण नेपालमा समेत खेलकुद गतिविधि अर्को सूचना नआएसम्मको लागि स्थगित गरिएको छ । विश्वकप छनोटमा अब नेपालले अष्ट्रेलिया, जोर्डन र चाइनिज ताइपेसँगको होम खेल खेल्न बाँकी रहेको छ । तीनै खेल रंगाशालामा हुनेछ ।

# कोरोना कोषमा राखेपको ३२ लाख

**काठमाडौं, मस–** राष्ट्रियखेलकुद परिषद् (राखेप) ले कोभिड १९ राहत कोषमा ३२ लाख २६ हजार २ सय ३८ रुपैयाँ ६३ पैसा जम्मा गरेको छ ।

राखेपका पदाधिकारी र कर्मचारीको तलबकट्टा गरी उक्त रकम कोषमा जम्मा गरिएको राखेप अन्तर्गत प्रशासन विभागका प्रमुख एवं प्रवक्ता कुलबहादुर थापाले जनाएका छन् । नेपाल सरकारको निर्णयानुसार राहत कोषमा रकम जम्मा गरिएको थापाले जानकारी दिए ।

# 'प्रशिक्षकहरु भन्छन्, 'व्यायाम र खानपिनमा ध्यान दिऊँ'

**विक्रम गिरी/रासस**
काठमाडौं, ३० चैत




कबड्डीका मुख्य प्रशिक्षक तारासिंह भाट | क्रिकेट प्रशिक्षक जगत टमाटा | कराँतेका मुख्य प्रशिक्षक मदन उप्रेती | राष्ट्रिय भलिबलका प्रशिक्षक जगदीशप्रसाद भट्ट | कराँते प्रशिक्षक ओमकार गिरी

यतिबेला कोरोना भाइरसबाट जोगिन सरकारले लकडाउन गरेको छ । यसबाट सबैभन्दा बढी प्रभावित हुनेमा खेलाडी र प्रशिक्षकसमेत हुन् । कुनै पनि खेलमा राम्रो नतिजा ल्याउन प्रशिक्षणमा नै बढी जोड दिनुपर्ने हुन्छ । प्रशिक्षकले खेलाडीलाई बढीभन्दा बढी अभ्यासमा संलग्न गराउनुपर्छ । यदि यस्तो हुन सकेन भने प्रशिक्षक र खेलाडी दुवैले खेलबाट सफलता प्राप्त गर्न सक्दैनन् ।

परिस्थिति पहिलाको जस्तो छैन । अहिले कोरोना भाइरसका कारण अरु नागरिकसरह प्रशिक्षक र खेलाडी पनि घरमै कैद छन् । यसको दीर्घकालीन असर पर्न सक्ने खतरातर्फ सचेत गर्दै हरेक खेलका प्रशिक्षकले आफ्ना खेलाडीलाई घरमै व्यायाम र खानपिनमा ध्यान दिन सचेत गराउँदै आएका छन् । 'मनलाग्दी ढङ्गले खाएपछि ठूलो असर गर्छ', राष्ट्रिय भलिबलका प्रशिक्षक जगदीशप्रसाद भट्ट भन्छन्, 'प्रत्येक खेलाडीले व्यायाम र खानपिनमा ध्यान दिनैपर्छ, यसो गर्न नसके धेरै हानी व्यहोर्नुपर्ने हुन्छ ।'

लकडाउन शुरु हुन केही दिनअघि मात्र महेन्द्रनगर घर प्रशिक्षक प्रशिक्षक भट्टले घरमै बसेर आफ्ना खेलाडीसित सम्पर्कमा रहेको बताए । । उहाँले अधिकांश समय खेलाडीलाई सचेत गराउन सामाजिक सञ्जालको प्रयोग गर्दै आउनुभएको छ । 'म देशभरका भलिबल खेलाडीलाई सधैं सचेत गराउँदै आएको छु', एशियन सेन्ट्रल जोन महिला भलिबलमा पहिलोपटक स्वर्ण पदक दिलाएका प्रशिक्षक भट्टले फोनमा कुरा गर्दै भने, 'खेलाडीले घरभित्रै वा आँगनमा भए पनि व्यायाम गर्नैपर्छ ।' व्यायाम र खानपिनमा ध्यान नदिए खेलमा दीर्घकालीन असर पर्नेबारे उनले खेलाडीलाई सचेत गराउँदै आउनुभएको छ । दुई दशकदेखि उनी आफैं पनि घरमा छोरीहरुका साथ नियमित व्यायाम र भलिबल खेल्दै आएका छन् ।

कैलालीको टीकापुर घर भएका क्रिकेट प्रशिक्षक जगत टमाटा लकडाउनका कारण काठमाडौंमै छन् । छोरा र भान्जाका साथमा बस्दै आएका उनले पनि नियमितरूपमा खेलाडीको सम्पर्कमा रहेको बताए । यसका लागि उनले पनि सामाजिक सञ्जालको प्रयोग गरिरहेका छन् । 'सरकारले जारी गरेको लकडाउनको पालना गर्न खेलाडीलाई सचेत गराउँदै आएको छु, यो हाम्रै लागि हो', उनले भने, 'खेलाडीले व्यायाम गर्न भने छाड्नुहुन्न, टन्न खाएर सुते बर्बाद हुन्छ भनेर सम्झाउने गरेको छु ।' विगतमा आफैँले खेलेका खेल तथा विश्वका उत्कृष्ट क्रिकेट खेलाडीको खेल प्रदर्शन पाएसम्म युट्युबमा खोजीखोजी हेर्न प्रशिक्षक टमाटाले खेलाडीलाई सल्लाह दिँदै आएका छन् ।

फुटबल प्रशिक्षक रवीन्द्र श्रेष्ठ बाँकेको नेपालगञ्जमा घरमै व्यायाम गरिरहेका छन् । चाहे कोठामा होस् वा आँगनमा उनी व्यायाम गर्न भने छाड्दैनन् । 'जुनसुकै परिस्थितिमा पनि प्रशिक्षण र व्यायाम जारी राख्नुपर्छ', उहाँले सुझाव दिनुभयो, 'मैले आफ्ना खेलाडीलाई फोन गरेरै पनि सल्लाह दिँदै आएको छु, यसो नगरे पछि हामीलाई खेलमा फर्कन गाह्रो हुन्छ ।' श्रेष्ठले पनि अहिले सामाजिक सञ्जालको अत्यधिकरूपमा प्रयोग गर्ने गरेको बताए ।

कबड्डीका मुख्य प्रशिक्षक तारासिंह भाट यतिबेला कञ्चनपुरमा खेतीपातीमा व्यस्त छन् । उनलाई खेलाडीको फोन तारन्तार आइरहन्छ । 'गहुँ काट्दै थन्क्याउँदै पनि भ्याएसम्म खेलाडीलाई फोनमै सम्झाइबुझाइ गर्ने गरेको छु', उनले भने । उनी नियमितरूपमा व्यायाम गर्छन् । खेलाडीलाई पनि पछि आउन सक्ने समस्याबारे सचेत गराउँदै आएका छन् । 'खेलाडी खाएर सुत्न हुन्न, घरकै काममा सघाएर पनि शरीर तन्दुरुस्त राख्नुपर्छ', मुख्य प्रशिक्षक भाटको खेलाडीलाई सुझाव छ ।

हाल झापाको विर्तामोडस्थित घरमा रहेका कराँतेका मुख्य प्रशिक्षक मदन उप्रेती बिहान बेलुका नियमितरूपमा अभ्यास गर्न गराउन आफू मातहतका प्रशिक्षक र खेलाडीलाई सल्लाह दिँदै आएका छन् । 'खानमा जोड दिने होइन, व्यायाममा ध्यान दिनुपर्छ', उहाँले भन्नुभयो, 'दिनमा सकभर नसुत्न भनेको छु, युट्युबमा कराँतेका 'टेकनिक' हेर्न सल्लाह दिने गरेको छु ।'

दार्चुलामा कार्यरत कराँते प्रशिक्षक ओमकार गिरी लकडाउन खुलेपछि जिल्लास्तरीय र राष्ट्रपति रनिङ शिल्ड हुने भएकाले खेलाडीलाई तयार भएर बस्न सल्लाह दिइरहेको बताउँछन् । 'घरभित्रै अभ्यास गर्न फोनमा र सामाजिक सञ्जालमार्फत सुझाव दिइरहेको छु', उनले भने ।

जहाँ रहे पनि, जहाँ बसे पनि सुरक्षि रहौं, सुरक्षित बसौं
सबै मिलेर कोरोना संक्रमण विरूद्धको लडाईमा विज प्राप्त गरौं ।

नव वर्ष २०७७ सालको
सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पुर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

खगेन्द्र न्यौपाने
उप संयोजक
गैर आवासीय नेपाली संघ
एसिया प्यासिफिक क्षेत्र

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट आफु बचौं र अरूलाई पनि बचाऔं ।
सरकारद्वारा लागु गरिएको लकडाउनको पूर्ण पालना गरौं ।

नव वर्ष २०७७ सालको
Happy New Year 2077
सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पुर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

राजेश गौतम
प्रवन्ध निर्देशक
तथा
गौतम इन्टरनेशनल म्यानपावर सर्भिसेज प्रा. लि.
परिवार
सुबिधानगर, तिनकुने-३५, काठमाडौं, फोन: ५१९२०२८

जस्तो सीप उस्तै रोजगार
मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर
अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्सः ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np
नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ९१०/०६७/०६८

वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।
Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

म.क्षे.हु.नि.द.नं. ३३/०७६/०७७



कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट आफु बचौं र अरुलाई पनि बचाऔं ।
सरकारद्वारा लागु गरिएको लकडाउनको पूर्ण पालना गरौं ।

## नव वर्ष २०७७ सालको
Happy New Year 2077

सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पुर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

राम श्रेष्ठ
प्रवन्ध निर्देशक
तथा
**हार्वेष्ट मुन ग्रुप**
परिवार
गैरीधारा-२, नक्साल, काठमाडौं, फोन: ४४१५५७४

---

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट बच्न घरमै सुरक्षित बसौं, लकडाउनको पूर्ण पालना गरौं, आफ्नु नआत्तिऔं र अरुलाई पनि सान्त्वना दऔं

## नव वर्ष २०७७ सालको
Happy New Year 2077

सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पुर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

भानु शिवाकोटी — अध्यक्ष
टिका शिवाकोटी (आदर्श) — प्रवन्ध निर्देशक
तथा
**अञ्जली ओभरसिज सर्भिस प्रा. लि.**
परिवार
सामाखुशी, काठमाडौं, फोन : ४३८७२०७, ४३५५०६५

---

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट बच्न घरमै सुरक्षित बसौं, लकडाउनको पूर्ण पालना गरौं, आफ्नु नआत्तिऔं र अरुलाई पनि सान्त्वना दऔं

## नव वर्ष २०७७ सालको
Happy New Year 2077

सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पुर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

ध्रुबकुमार रिजाल
अध्यक्ष/प्रबन्ध निर्देशक
तथा
**ब्लू ओसियन ओभरसिज प्रा. लि.**
परिवार
गोंगबु-५, सामाखुसी, काठमाडौं, फोन: ४३५१७३२, ४३६५८२६,

---

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट आफु बचौं र अरुलाई पनि बचाऔं ।
सरकारद्वारा लागु गरिएको लकडाउनको पूर्ण पालना गरौं ।

## नव वर्ष २०७७ सालको
Happy New Year 2077

सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पुर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

कैलास खड्का
अध्यक्ष
तथा
**नेपाल स्वास्थ्य व्यवसायी महासंघ**
परिवार
ओमनगर, सिनामंगल-९, काठमाडौं, फोन: ४१११०२१, ४१११०९२

---

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट बच्न घरमै सुरक्षित बसौं, लकडाउनको पूर्ण पालना गरौं, आफ्नु नआत्तिऔं र अरुलाई पनि सान्त्वना देऔं

## नव वर्ष २०७७ सालको
Happy New Year 2077

सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पुर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

शुष्मा खत्री
प्रबन्ध निर्देशक
तथा
**फ्युचर ईम्प्लोईमेन्ट सर्भिस प्रा. लि.**
परिवार
लाजिम्पाट- २, गैरीधारा, काठमाडौं, फोन: ४००४५५२, ४००४५३५

---

विश्व व्यापि रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को महामारीबाट आफु बच्न र अरुलाई बचाउन सरकारद्वारा लागु गरिएका नीति, नियम र निर्देशनहरुको पूर्ण पालना गरौं

## नव वर्ष २०७७ सालको
Happy New Year 2077

सुखद उपलक्ष्यमा देश विदेशमा रहनुभएका समस्त नेपाली दिदी बहिनी दाजु भाइमा सुस्वास्थ्य।दीर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

विष्णुप्रसाद गैरे
अध्यक्ष
तथा
**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
परिवार
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८

---

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट आफु बचौं र अरुलाई पनि बचाऔं ।
सरकारद्वारा लागु गरिएको लकडाउनको पूर्ण पालना गरौं ।

## नव वर्ष २०७७ सालको
Happy New Year 2077

सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पुर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

वाइ वी राई
प्रवन्ध निर्देशक
तथा
**इण्टरनेशनल मेनपावर रिक्रुटमेण्ट प्रा. लि.**
परिवार
बालकुमारी, ललितपुर, फोन नं.: ५००६२६९, ५००६२४०

---

विश्व व्यापि रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को महामारीबाट आफु बच्न र अरुलाई बचाउन सरकारद्वारा लागु गरिएका नीति, नियम र निर्देशनहरुको पूर्ण पालना गरौं

## नव वर्ष २०७७ सालको
Happy New Year 2077

सुखद उपलक्ष्यमा देश विदेशमा रहनुभएका समस्त नेपाली दिदी बहिनी दाजु भाइमा सुस्वास्थ्य।दीर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

गोबिन्द थपलिया
प्रबन्ध निर्देशक
तथा
**कोशी ईन्टरनेशनल सर्भिसेज् प्रा.लि.**
परिवार
विशालनगर, काठमाडौं, फोन: ४४२३६०३

---

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट आफु बचौं र अरुलाई पनि बचाऔं ।
सरकारद्वारा लागु गरिएको लकडाउनको पूर्ण पालना गरौं ।

## नव वर्ष २०७७ सालको
Happy New Year 2077

को सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पुर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

नरेन्द्र प्रसाद ढकाल
अध्यक्ष
नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यबसायी एशोसिएसन
तथा
**नोकरी नेपाल रिक्रुटमेन्ट सर्भिस प्रा. लि.**
परिवार
मित्रनगर, गंगबु, काठमाडौं, फोन: ४३६२६८६

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ